लेखापरीक्षण प्रतिवेदन

चम्पादेवी गाउँपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८०/८१



महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

लेखापरीक्षण प्रतिवेदन

चम्पादेवी गाउँपालिका, ओखलढुंगा

आर्थिक वर्ष २०८०/८१

महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

दूरदृष्टि
(VISION)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था

(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)

गन्तव्य
(MISSION)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने

(Provide independent and Quality Audit Service to the Nation)

मूल्य मान्यता
(CORE VALUES)

स्वतन्त्रता	*(Independence)*
निष्ठा	*(Integrity)*
पारदर्शिता	*(Transparency)*
जवाफदेहिता	*(Accountability)*
व्यावसायिकता	*(Professionalism)*

महालेखापरीक्षकको भनाइ

नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
कोशी प्रदेश लेखापरीक्षण निर्देशनालय
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-७

च.न.:FAR/2080-81/LOC/242

विषयः लेखापरीक्षण प्रतिवेदन।

श्री अध्यक्षज्यू,
चम्पादेवी गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय,
ओखलढुंगा।

कैफियतसहितको राय

हामीले यस गाउँपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु.९ करोड ७५ लाख ६५ हजार, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.५ करोड २९ लाख ३२ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२० लाख ७० हजार, राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजनाको रु.६ लाख ७९ हजार र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको रु.११ लाख ३६ हजार समेत गरी रु.१५ करोड ४३ लाख ८३ हजार समावेश गरेको छैन।

२. गाउँपालिकाको रु.८३ करोड ८४ लाख २९ हजार लेखापरीक्षण गरिएकोमा रू. ४ करोड ९५ लाख ४९ हजार बेरुजू देखिएको छ। सो सम्बन्धमा रु. १२ लाख ११ हजारको प्रतिक्रियाबाट फछ्र्यौट भई बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. २ करोड २६ लाख ८ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ७६ लाख १८ हजार र नियमित गर्नुपर्ने रु. ८१ लाख १२ हजार रहेको छ। गत वर्षसम्म रु.२१ करोड ४ लाख ७२ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु. २४ करोड ४० हजार रहेको छ। बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने चम्पादेवी गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

अन्य बेहोरा

यो गाउँपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।

वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी चम्पादेवी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक

नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(बालकृष्ण थापा)

नायब महालेखापरीक्षक

बेरुजु वर्गीकरण

चालु वर्षको बेरुजु

प्रारम्भिक बेरुजु			प्रतिक्रियाबाट फछ्यौंट			प्रतिक्रियाबाट थप बेरुजु रकम	बाँकी बेरुजु			बेरुजु						
										असुल गर्नु पर्ने	नियमित गर्नुपर्ने					पेस्की
दफा संख्या		रकम	दफा संख्या		रकम		दफा संख्या		रकम							
सैद्धान्तिक	लगती		सैद्धान्तिक	लगती			सैद्धान्तिक	लगती		असुल गर्नु पर्ने	अनियमित भएको	प्रमाण कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा	पेस्की
७१	६१	४,९५,४९,३१६	०	१७	१२,१०,९७३	०	७१	४४	४,८३,३८,३४४	२,२६,०७,५८५	८१,१२,३९२	१,७६,१८,३६५	०	०	२,५७,३०,७५६	०

अद्यावधिक बेरुजू स्थिति

जिल्ला	गत वर्ष सम्मको बाँकी	समायोजन	यो वर्ष फस्यौंट	बाँकी बेरुजु	यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु	यो वर्षको बेरुजु	कुल बेरुजु बाँकी
ओखलढुङ्गा	२१,०४,७२,०००	०	१,८७,७०,१०८	१९,१७,०१,८९२	०	४,८३,३८,३४४	२४,००,४०,२३६

बेरुजु सम्परीक्षणको विवरण

क.सं	आर्थिक वर्ष	बेरुजुको दफा	बेरुजुको छोटकरी व्यहोरा	सम्परीक्षण भएको रकम
१	२०८०/८१	३३	वढि भुक्तानी	२२,४००
२	२०८०/८१	३०.२ र ३०.३	भ्रमण खर्च	३१,३००
३	२०८०/८१	२८	बढी तलब भुक्तानी	६,२५०
४	२०८०/८१	६०.१	प्रदेश समपूरकको ठेक्का व्यवस्थापन	८,१९,३५६
५	२०८०/८१	५२	प्रति विद्यार्थी लागत अनुदान	१६,२५०
६	२०८०/८१	५४	पाठ्यपुस्तक	९५१
७	२०८०/८१	४७.३	नागदह एकिकृत बस्ती	१,२८,३६८
८	२०८०/८१	५०	छात्रवृत्ती	७,२००

९	२०७९/८०	१७.१	सुन्दरपुर भागेचित्रे आत्मारा हुदै फेदिगुठ सडक आयोजना	५,४३,६३६
१०	२०७९/८०	२८.१ र २८.२	सघीय शसर्त	२६,२५,३५७
११	२०७९/८०	२१.१	शिक्षाः	१५,००,०००
१२	२०७९/८०	२२.८ र २२.९	शिक्षा	३४,१६१
१३	२०७९/८०	१३.२	पदाधिकारी सुविधा:	२४,६७,०२७
१४	२०७९/८०	१२.१, १२.३,	चालु	२७,९४,०२५
१५	२०७९/८०	२४.१	कृषि	१५,१९,५५०
१६	२०७९/८०	१८.१	एकिकृत स्वास्थ्य पुर्वाधार विकास कार्यक्रम	११,९९,१९८
१७	२०७९/८०	२७.१	उधम विकास कार्यक्रम	१४,७३,२८२
१८	२०७८/७९	७०.५	सामाजिक सुरक्षा	१,९२,०००
१९	२०७८/७९	३२.१	पदाधिकारी सुविधा	८०,०००
२०	२०७८/७९	५५	कार्यालयको काम उपभोक्ता समिति मार्फत गरेको	३५,१८,३७३
२१	२०७८/७९	२८	गाडी भाडा	१,६७,०००
२२	२०८०/८१	२.८	वित्तीय विवरण विश्लेषण	१,७८,८९८
२३	२०७८/७९	१२.२	जिन्सी व्यवस्थापन	६,५६,४९९
जम्मा				१,९९,८१,०८०

(८०११०५०२३०० - चम्पादेवी गाउँपालिका, ओखलढुंगा)

परिचय

१

(क) कार्यालय परिचय :- स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस गाउँपालिकाको उद्देश्य रहेको छ ।

(ख) लेखापरीक्षणको उद्देश्य :- लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य हो ।

(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :- यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१ ।०५।१२ देखि २०८१ ।०५।१४ सम्म रहेको छ ।

(घ) लेखापरीक्षण विधि :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

(ङ) लेखापरीक्षणको सीमा :- लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

(च) आर्थिक कारोबारको स्थिति :- कार्यालयको आय र व्यय तर्फको समेत गरी जम्मा रु.८३,८४,२८,६८०.७१ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

(ज) लेखापरीक्षणको क्रममा असुली :- लेखापरीक्षणको क्रममा निम्नानुसारको रु.५०६७९६० असुल भइ दाखिला प्रमाण पेश भएको छ ।

सि.नं	विवरण	रकम रु.
१	निर्मला भण्डारीको वढी भुक्तानी रकम असुली भई दाखिला भएको छ	१९६०
२	पालिकाले फिर्ता गर्नुपर्ने संघीय सशर्त र समपुरक अनुदान रकम मिति २०८१।६।२१ मा फिर्ता गरेको छ।	५०६६०००

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ वित्तीय विवरण विश्लेषण

वित्तीय प्रतिवेदन - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय)				
क.स./ आर्थिक सङ्केत	विवरण	टिप्पणी नं	चालुआ वको जम्मा	गत आ वको जम्मा
	राजस्व, अनुदानर अन्य प्राप्ति			
११०००	कर		७,१७,०२,३९०.५५	५,७६,४२,२६५.६६
१३०००	अनुदान		३२,४८,७५,८५९.०६	३४,१८,२४,२६७.००
१४०००	अन्यराजस्व		७,७५,८८५.९८	५,०४,१३५.००
क	**कुलजम्मा प्राप्ति**		३९,७३,५४,१३५.५९	३९,९९,७०,६६७.६६
३	चालु		२९,२३,०३,४५५.१२	२७,८१,७६,५३६.००
२१०००	पारिश्रमिक / सुविधा		१७,८७,०४,५७०.५२	१७,७०,७२,९०४.००
२२०००	मालसामानतथा सेवाको उपयोग		७,२९,४५,०१७.६०	६,९०,३१,०६८.००
२५०००	सहायता (Subsidy)		५२,७३,०००.००	१२,१५,७१५.००
२७०००	सामाजिकसुरक्षा		५७,४६,४७७.००	५७,८७,९४६.००
२८०००	अन्यखर्च		२,९६,३४,३९०.००	२,५०,६८,९०३.००
४	पूंजीगत		१३,२७,४२,३८९.००	१३,५६,६२,९०७.००
३१११०	भवनतथा संरचना		२,४०,५४,२५९.००	२,१०,६०,१३७.००
३११२०	सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स		३५,९२,२७५.००	४३,५७,३०२.००
३११३०	अन्यपूँजीगत खर्च		३२,२४,१७४.००	१,०७,१५,५८३.००
३११५०	सार्वजनिकनिर्माण		९,५३,३७,२९६.००	९,५७,०३,७२८.००
३११६०	निर्मितसरचनाकोसुधार खर्च		२५,९२,०००.००	०
३११७०	पूँजीगतसुधार खर्च		३९,४२,३८५.००	३५,२७,४५७.००
३१३१०	बहुमूल्यसामानहरु		०	२,९८,७००.००
ख)	**कुलजम्मा भुक्तानी**		४२,५०,४५,८४४.१२	४१,३८,३९,४४३.००
ग)	**बचत/कमी (ग = क-ख)**		(२,७६,९१,७०८.५३)	(१,३८,६८,७७५.३४)
घ)	**धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/ -)**		(१,२०,०४९.००)	-३,९८८.००

घ.१)	**कट्टीरकम भुक्तानी/ दाखिला गर्न बाकी**		(१,७८,८९८.००)	(५,९९,१०१.००)
ङ)	**यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) (ङ = ग+घ)**		(२,७८,११,७५७.५३)	(१,३८,७२,७६३.३४)
च)	**गतआ.व.को नगद तथा बैंक मौज्दात**		३,९०,३६,०७३.८६	५,६५,९३,५४७.८०
छ)	**विनिमयनाफा/ घाटा तथा अन्य समायोजन**			
ज)	**आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात (ज= ङ+च+छ) (नगद ३६७१५१.३९ बैंक १०८५७१६४.९४)**		१,१२,२४,३१६.३३	४,२७,२०,७८४.४६

२.१ **वित्तीय विवरणको यथार्थता** - पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । अन्तरसरकारी अख्तियारी समेतको एकीकृत आर्थिक कारोबार देखिने गरी स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची १४ तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.९,७५,६५,०५६/-, एकीकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.५,२९,३२,५७९/-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.२०,७०,०००/-, राष्ट्रिय सूचना व्यवस्थापन तथा अनुगमन आयोजनाको रु.६,७८,६३१/- र शिक्षा तथा मानव स्रोत विकास केन्द्रको रु.११,३५,९१४/- समेत गरी रु.१५,४३,८२,१८०/- म.ले.प.फा. नं. २७० को अनुसूची १४ मा लेखाङ्कन गरेको छैन । जसले गर्दा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबारको यथार्थ अवस्था देखिने गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

२.२ **फरक जिम्मेवारी** - पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.४,४४,७१,३३१/- मौज्दात रहेकोमा यो वर्ष रु.३,९०,३६,०७३.७६ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.५४,३५,२५७.२४ घटी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्ने देखिएको रु.

प्रमाण पेश नगरेको	५४,३५,२५७

२.३ **फरक हिसाब** – यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७२) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु.२०,९७,७५५/-, यस वर्षको प्राप्ति रु.१८,३७,६५,२४९.८९,यस वर्षको भुक्तानी रु.१८,२१,५४,६९४.९२ र बैङ्क मौज्दात रु.३,६७,१५१.०३ फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७० ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

विवरण	गतवर्षको जिम्मेवारी	यसवर्षको प्राप्ति	यसवर्षको भुक्तानी	मौज्दात
सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०)	३९०३६०७३.८६	३९७३५४१३५.५९	४२५०४५८४४.१२	११२२४३१६.३३
एकीकृत आर्थिक विवरणअनुसार	३६९३८३१८.८६	५८१११९३८५	६०७२००५३९.०	१०८५७१६५.३०
फरक	-२०९७७५५.००	१८३७६५२४९.८९	१८२१५४६९४.९२	-३६७१५१.०३

२.४ **बैङ्क हिसाब विवरण** - स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरणअनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले बैङ्क हिसाब मिलान विवरण तयार नगरेको कारण वर्षान्तमा स्रेस्ता र बैङ्क मौज्दात देहायअनुसार छ:

खाताको प्रकार	टिप्पणी ६.२ अनुसार श्रेस्ता अनुसार बाकी रु	२०८१ अषाढ मसान्तको बैंक स्टेटमेन्ट अनुसार बाकी रु	फरक
ग १.१, आन्तरिक राजस्व खाता	९३९२६३.०७	०	-९३९२६३.०७
ग १.२, बाँडफाँडबाट प्राप्त राजस्व खाता	०	०	०
ग २.१, चालू खर्च खाता- विजोर वर्ष	२१४३१२८.५९	८८४९३२१.२८	६७०६१९२.६९
ग २.३, पूँजिगत खर्च खाता- विजोर वर्ष	५१६६२५१	०	-५१६६२५१
ग २.७, विविध खर्च खाता	२५७१२४	१९०६	-२५५२१८
ग ३.१, स्थानीय तह धरौटी खाता	१३२७४०६	१३९३५५६	६६१५०
ग ४.१, स्थानीय तह सञ्चित कोष खाता	६३०८१६.२८	२९४२९०.१५	-३३६५२६.१३
ग ७.२, स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	३९३१७६	४११३६२	१८१८६
जम्मा	१०८५७१६४.९४	१०९५०४३५.४३	९३२७०.४९

पालिकाले म.ले.फा.नं. २१२ तयार गरी स्रेस्ता र बैङ्कबीच हिसाब मिलान गर्नुपर्दछ ।

२.५ सञ्चित कोषमा स्थानान्तरण : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७५ बमोजिम एक आर्थिक वर्षमा खर्च हुन नसकी बाँकी रहेको रकम आर्थिक वर्षको अन्तमा स्थानीय तहको सञ्चित कोषमा स्थानान्तरण गर्नुपर्ने व्यवस्था छ। आर्थिक वर्ष समाप्त पश्चात पनि पालिकाको चालु खर्च खातामा रु.२१,४३,१२८.५९ पुँजीगत खातामा रु.५१,६६,२५१/-, आन्तरिक राजश्व खातामा रु.९,३९,३६३/- गरी रु.८२,४८,७४२.५९ मौज्दात रहेको पाइयो । तोकिएको समयमा सो रकम सञ्चित कोषमा स्थानान्तरण गरी हिसाब मिलान गर्नुपर्दछ ।

२.६ **राजस्व दाखिलाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ को दफा २८(२) मा आफ्नो जिम्मामा आएको सरकारी नगदी सोही दिन वा त्यसको भोलिपल्ट दाखिला नगरेको देखिन आएमा १० प्रतिशतले जरिवाना गरी सो समेत दाखिला गर्न लगाउनुपर्ने व्यवस्था छ ।पालिकाले राजस्व संकलनका लागि प्रयोग गरेको सिस्टमको राजश्वको संकलन तथा दाखिला सम्बन्धी एकिकृत विवरणमा देखिय अनुसारको राजस्व सोही दिन वा त्यसको भोलिपल्ट दाखिला गर्नुपर्नेमा तपसिलका वडाले सिस्टममा देखिएअनुसारको राजस्व संकलन रकम बैंक दाखिला गरेको पाईएन । सिस्टमबाट केही रसिदहरु गलत प्रविष्टीका कारण रद्ध गरेपनि रद्ध भएको रसिद सहितको रकम संकलनमा देखिएको कारण बैंक भेरिफाई तथा दाखिला कम भएको भन्ने पालिकाको भनाई रहेको छ ।यस सम्बन्धमा पालिकाले एकिन गरी संकलन अनुसार राजस्व बैंक दाखिला भएको एकिन हुने प्रमाण पेश गर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

क्र सं	राजश्व संकलन गर्ने	नगद		
		नगद संकलन	बैंकले भेरिफाई/ दाखिला	नगद मौज्दात
१	चम्पादेवी गाउँपालिका२ नं. वडा कार्यालय ओखलढुंगा	८०७७९३.६५	५१६७४०	२९१०५३.६५
२	चम्पादेवी गाउँपालिका७ नं. वडा कार्यालय ओखलढुंगा	११७०६३.५५	१०४१७१.५५	१२,८९२.००
३	चम्पादेवी गाउँपालिका८ नं. वडा कार्यालय ओखलढुंगा	८५,४५२.७४	२२,२४७.००	६३,२०५.७४
जम्मा		१०१०३०९.९४	६४३१५८.५५	३६७१५१.३९

प्रमाण पेश नगरेको	३,६७,१५१.३९

२.७ धरौटी तथा विविध कोष: उल्लेखित प्राप्ति र भुक्तानीको विवरणमा धरौटी, विविध खर्च तथा प्रकोप व्यवस्थापनकोषको विस्तृत विवरण वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसुचीमा निम्न बमोजिम रहेको छ।

संकेत	कोष हिसाबको नाम	शुरु मौज्दात	प्राप्ति	भुक्तानी	यो वर्षको	बाँकी
१	२	३	४	५	६=४-५	७=३+६
ग ३.१	स्थानीय तह धरौटी खाता	१४३२०७४	३०४७४८	४०९४१६	-१०४६६८	१३२७४०६
ग २.७	विविध खर्च खाता	०	७१४९५७८	६८९२४५४	२५७१२४	२५७१२४
ग ७.२	स्थानीय तह प्रकोप व्यवस्थापन कोष खाता	६६५६८१	५०००००	७७२५०५	-२७२५०५	३९३१७६
जम्मा		२०९७७५५	७९५४३२६	८०७४३७५	-१२००४९	१९७७७०६

२.८ **कर दायित्व**

✂ ..... कार्यालयले बेरुजु फस्योंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१७८,८९८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

३ **धरौटी फिर्ता** -

सार्बजानिक खरिद नियमावली, २०६४ को नियम १२४ मा निर्माण कार्यको त्रुटी सच्याउने अबधि सकिए पछि र सम्बन्धित आन्तरिक आन्तरिक राजस्व कार्यालयमा कर बिबरण पेश गरेको प्रमाण कागजात पेश गरे पछि धरौटी फिर्ता दिने उल्लेख छ । यसै सम्बन्धमा आन्तरिक राजस्व बिभागको परिपत्र अनुसार कट्टा गरिएको धरौटी फिर्ता दिँदा मूल्यबृद्धि कर समायोजन पत्र र सो अनुसार मूल्यबृद्धि कर बिबरण पेश गरेको भनि प्रमाणित गर्ने पत्र तथा कर चुक्ता प्रमाणपत्र करदाताबाट पेश भइसकेछि मात्र धरौटी बापतको रकम फिर्ता दिने ब्यबस्था गर्न परिपत्र गरेकोमा यस पालिकाले तपसिलबमोजिम निर्माण कार्यको धरौटी फिर्ता गर्दा कर समायोजनको पत्र तथा कर चुक्ता प्रमाण पत्र पेश गरेको पाईएन । नियम तथा परिपत्रले तोकेको प्रकृया पुगेको प्रमाण बेगर रकम फिर्ता दिने कार्य मनासिब देखिएन तपसिल अनुसार प्रमाण पेश हुनुपर्ने रु.

क्र.स	गो.भौ.नं र मिति	धरौटी फिर्ता पाउने	व्यहोरा	रकम
१	४,२०८०/६/२२	नेपाल सिन्टेक्स ईण्डष्ट्रिज प्रा.लि	कर चुक्ता प्रमाण नरहेको	१३२३४०
२	८,२०८०/१०/२३	सुदुस्का कन्स्ट्रक्सन प्रा.लि	मू.अ.कर समायोजन र कर चुक्ता प्रमाण पत्र नरहेको	२७५००
३	१४,२०८०/१२/२८	कालिकादेवी ईन्जिनियरिङ कन्स्ट्रक्सन प्रा.लि	मू.अ.कर समायोजन र कर चुक्ता प्रमाण पत्र नरहेको	१४६५७६
४	१५,२०८०/१२/२८	कालिकादेवी ईन्जिनियरिङ कन्स्ट्रक्सन प्रा.लि	मू.अ.कर समायोजन र कर चुक्ता प्रमाण पत्र नरहेको	१०३०००
जम्मा				४०९४१६

प्रमाण पेश नगरेको	४,०९,४१६

४ **शसर्त अनुदान फिर्ता-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ४५ अनुसार सङ्घीय सञ्चित कोषबाट स्थानीय तहमा भएको वित्तीय हस्तान्तरणको रकम मध्ये सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई बाँकी रहेको शसर्त, विशेष र समपूरक अनुदान स्थानीय तहले सङ्घीय सञ्चित कोषमा फिर्ता गर्नुपर्ने व्यवस्था छ । सुत्रबाट तयार भएको पालिकाको यस वर्षको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) को अनुसूची १९ मा आर्थिक वर्ष भित्र फिर्ता गर्न बाँकी अनुदान रु.५०,६६,०००/- देखाएको छ । उक्त फिर्ता गर्नुपर्ने रकम पालिकाले लेखापरीक्षणको क्रममा मिति २०८१।६।२१ मा फिर्ता गरेको छ ।

क्र सं	अनुदान शिर्षक	निकासा रकम	खर्च रकम	फिर्ता गर्नुपर्ने रु.
१	२६३३२ शसर्त अनुदान चालु	१७९७४५०३६.०६	१७७६७९०३६.०६	२०६६०००
२	२६३३४ समपुरक अनुदान पुँजीगत	६३८३३७३	३३८३३७३	३००००००
	जम्मा	१८६१२८४०९.०६	१८१०६२४०९.०६	५०६६०००.

५ **बजेट तथा कार्यक्रम-**

५.१ **बजेट पेश, पारित र अख्तियारी -** स्थानीयतह सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उप प्रमुखले मिति २०८०।०३।१० मा रु.४९ करोड ७३ लाख ८१ हजारको बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।२५ मा पारित भएको छ । यसैगरी स्थानीयतहका प्रमुखले मिति २०८०।०४।०७ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । समयमै बजेट पारित गरी अख्तियारी प्रदान दिनुपर्दछ ।

५.२ **बजेट सीमा निर्धारण समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था छ । पालिकाले ऐनमा भएको व्यवस्था अनुसार समिति गठन गरेको छैन । समिति गठन नगरिदा आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

बजेट तथा कार्यक्रम तर्जुमा- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) मा स्थानीयतहमा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँटबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्राथमिकीकरण,

विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरू फागुन महिनाभित्र सम्पन्न गरी सक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा बजेट वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकीय अधिकृतले चैत १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितिलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेको छ । ऐनमा व्यवस्था भएअनुसार बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धी कार्य समयमा गरेको छैन । अत बजेट सीमालगायत क्षेत्रगत विषय समेटी बजेट प्रक्षेपण सम्बन्धीनियम तथा कार्यविधिको तर्जुमा एवं सोको पालनामा सम्बन्धित पदाधिकारीको ध्यान जानुपर्दछ ।

५.३ **योजना तथा वजेट कार्यान्वयन** - यस योजना तथा बजेटमा देखिएका प्रमुख व्यहोराहरु निम्नानुसार रहेका छन:

• अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ मा पालिकाले मध्यकालीन खर्च संरचना तयार गर्नुपर्ने व्यवस्था रहेकोमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको छैन । साथै दीगो विकासको लक्ष्यलाई स्थानीय तहमा आन्तरिकीकरण गर्न आवधिक योजना तयार गरी लागू गरेको समेत छैन।

• आर्थिक वर्षको अन्त्यमा अत्याधिक पुँजीगत खर्च गर्ने प्रवृत्ति यो वर्ष पनि कायमै रहेको देखियो । कुल पुँजीगत खर्च रु.१३करोड २७ लाख ४२ हजार भएकोमा प्रथम त्रैमासिकमा रु.२८ लाख ६२ हजार , दोश्रो त्रैमासिकमा रु. ३ करोड ५० लाख २८ हजार तेस्रो त्रैमासिकमा रु.१ करोड ३४ लाख ९५ हजार, चौथो त्रैमासिकमा रु.८ करोड १३ लाख ५७ हजार र असार महिनामा मात्रै रु. ५ करोड ४८ लाख ४७ हजार भएको देखिन्छ। वर्षान्तको खर्च उच्च रहेको छ ।

• सार्वजनिक खरिद ऐन, २०६३ अनुसार रु. १० करोड भन्दा बढी रकमको वस्तु, निर्माण, परामर्श लगायत खरिद गर्दाखरिद गुरुयोजना तयार गर्नुपर्नेमा पालिकाले रु.१३ करोड २७ लाखको खरिद गरेकोमा खरिद गुरुयोजना तयार गरेको पाइएन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७९ तथा पालिकाको विनियोजन ऐन, २०८० को दफा ३ अनुसार यस वर्ष थपघट समेत कार्यपालिकाको निर्णयबाट रु. २ करोड ७९ लाख ८१ हजार रकमान्तर गरेको छ। उक्त रकम वजेटको तुलनामा ५.६३ प्रतिशत हुन्छ। आर्थिक वर्षको अन्तमा रकमान्तर गर्ने परिपाटीमा सुधार भएको पाइएन ।

उल्लेखित अवस्थाका कारण गाउँपालिकाको वित्तीय व्यवस्थापन कुशल भएको देखिदैन । तसर्थ गाउँपालिकाले योजना तथा बजेट कार्यान्वयनलाई विश्वसनीय र प्रभावकारी बनाउने तर्फ ध्यान पर्दछ ।

५.४ **अबण्डा बजेट** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय–व्ययको अनुमान पेसगर्नु पर्ने व्यवस्था छ। यस पालिकाले यो वर्ष रु.२८९९०६२८ अबण्डा बजेट व्यवस्था गरी ३ शिर्षक (समपुरक योजनाहरुमा रु.७५,८२,३०९/-, दैविक प्रकोप तथा विपद व्यवस्थापनमा रु.७७,९०,५४३/- र विविध रु.३४,७०,६२८/-) मा चालु तर्फ रु.३४,७०,६२८/- र पूँजीगत तर्फ रु.१,५३,७२,८५२/- समेत रु.१,८८,४३,४८०/- खर्च गरेको छ। बजेट अबण्डामा राखी कार्यपालिकाको निर्णय बाट खर्च गर्ने गरेको देखिन्छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शिता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ

५.५ **योजनाको प्राथमिकीरण** - स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहको योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकिकरणका आधारहरू गरिवी निवारण, उत्पानदमुलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दीगो र वातावरणीय संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना प्राथमिकताआधारमा योजना छनौट गर्नु पर्ने व्यवस्था छ। तर पालिका पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार १० वडाको लागि ७३ वडागत र ४३ पालिकास्तरका कुल ११६ योजनामा वजेट विनियोजन गरेको छ।

क्र. सं.	कार्यक्रमको नाम	योजना सङ्ख्या	रु.२० लाख माथिका योजना सङ्ख्या	रु.५ लाख देखि २० लाख सम्मका योजना सङ्ख्या	रु.५ लाख भन्दा कमका योजना सङ्ख्या
१.	पालिकास्तरीय	४३	६	२४	१३
२.	वडास्तरीय	७३	०	१६	५७

उपर्युक्त विवरण अनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृति खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी सोको प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

५.६ **क्षेत्रगत बजेट र खर्चको स्थित-** स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

क्र.स	मुख्य क्षेत्र	वार्षिक वजेट	खर्च रकम	कुल खर्च (प्रतिशतमा)
१	आर्थिक विकास	६,६७,६८,१६५	५,३४,४१,५६५	१२.५८
२	पूर्वाधार विकास	८,२३,५९,४६६	५,६८,९८,६०२	१३.३८
३	सामाजिक विकास	२१,३९,१५,९९६	१९,८९,७४,९२२.०६	४६.८२
४	संस्थागत विकास, सेवा प्रवाह र सुशासन	६४,००,०००	६३,९६,२८६	१.५
५	अन्य कार्यालय संचालन तथा प्रशासनिक	१२,७९,३७,९७१.४०	१०,९३,३४,४६९.०६	२५.७२
	जम्मा	४९,७३,८१,५९८.४०	४२,५०,४५,८४४.१२	१००

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा सबैभन्दा बढी ४६.८२ प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासनमा सबै भन्दा घटीमा १.५ प्रतिशत रहेको छ ।

५.७ **त्रैमासिक पूँजीगत खर्च-** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ३५ मा बजेट शिर्षकको आधारमा त्रैमासिक प्रगति विवरण तयार गर्नुपर्ने तथा नियम ३६ मा उक्त प्रगति प्रतिबेदनको भौतिक र र वित्तीय पक्षको समिक्षा गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार पूँजीगत बजेटको त्रैमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

बजेट उपशिर्षक	कुल खर्च	त्रैमासिक खर्च				आषाढ महिना
		प्रथम त्रैमासिक	दोस्रो त्रैमासिक	तेश्रो त्रैमासिक	चौथो त्रैमासिक	
पूँजिगत खर्च तर्फ	१३,२७,४२,३८९	२८,६१,९७६	३,५०,२८,५०९	१,३४,९४,७०९	८,१३,५७,१९५	५,४८,४७,४३३
प्रतिशत	१००.००	२.१६	२६.३९	१०.१७	६१.२९	४१.३२

पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. १३ करोड २७ लाख ४२ हजार निकासा भएकोमा प्रथम त्रैमासिकमा रु.२८ लाख ६२ हजार अर्थात २.१६ प्रतिशत, दोश्रो त्रैमासिकमा रु.३ करोड ५० लाख २८ हजार अर्थात २६.३९ प्रतिशत, तेस्रो त्रैमासिकमा रु.१ करोड ३४ लाख ९५ हजार अर्थात १०.१७ प्रतिशत र चौथो त्रैमासिकमा रु.८ करोड १३ लाख ५७ हजार अर्थात ६१.२९ प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. ५ करोड ४८ लाख ४७ हजार अर्थात ४१.३२ प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वियन गरिनुपर्दछ ।

५.८ **गत वर्षको भुक्तानी** - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९.२(घ) मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेटमासमेत गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी ७४ योजनाको रु.२,२५,५२,६०५।- भुक्तानी दिएको छ। तसर्थ पालिकाले बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वको मात्र भुक्तानी दिन बाँकी खाता तथा कच्चावारी प्रमाणित गरी भुक्तानी दिई सालवसाली रुपमा सम्पन्न गर्न सकिने योजनाको भुक्तानी दिन बाकी राख्ने परिपाटी नियन्त्रण हुनुपर्दछ ।

६ **खर्च बिश्लेषण-**

गाउँपालिकाले यसबर्ष सुरु मौज्दात रु.३ करोड ६९ लाख ३८ हजार, कुल आन्तरिक आयबाट रु.४१ लाख ९७ हजार राजस्व बाँडफाँटबाट रु.६ करोड ८२ लाख ८० हजार र अनुदानबाट रु.३२ करोड ४८ लाख ७६ हजार समेत रु.४२ करोड ६० लाख ४५ हजार आम्दानी भएकोमा चालु तर्फ रु.२९ करोड २३ लाख ४ हजार र पूँजिगत तर्फ रु.१३ करोड २७ लाख ४२ समेत रु.४२ करोड ५० लाख ५६ हजार खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.९८ प्रतिशत मात्र रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा रू.८९ लाख ३१ हजार खर्च भएको छ जुन आन्तरिक आयको २१२.७९ प्रतिशत बढी रहेको छ । गाउँपालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँट तथा आन्तरिक आयको रकमबाट ६८.७६ प्रतिशत चालु र ३१.२३ प्रतिशत मात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट गाउँपालिकाहरुले बिकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँटको रकम अधिक रुपमा बिकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

७ **आन्तरिक नियन्त्रण प्रणाली-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले त्यस्तो प्रणाली तयार गरी लागु गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था रहेको छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहाय बमोजिम रहेका छन:

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्नेमा गरेको पाईएन,

• पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाईएन, साथै पालिकाबाट यस वर्ष संचालित कार्यक्रम तथा योजनाको कार्यान्वयन र सेवा प्रवाह समेतको वार्षिक कार्यक्रम अनुसारको प्रगति प्रतिवेदन तयार गरेको पाईएन,

• सार्वजनिक खरिद ऐन २०६३ को नियम ६ अनुसार सार्वजनिक निकायले तोकिएको सीमा भन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिम खरिदको गुरु योजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने उल्लेख छ। स्थानीय तहले खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गरेको छैन ।

• विषयगत क्षेत्रमा संचालन हुने कार्यक्रममा बैठक भत्ता, भ्रमण भत्ता, तालिम, गोष्ठीतर्फ बढी केन्द्रीत भई वितरणमुखी रहँदा पूँजीगत निर्माणमुखी रहेको पाईएन,

• पालिकाले यस वर्ष कार्य सञ्चालन निर्देशिका तर्जुमा नगरी बैठक भत्ता, तालिम, गोष्ठी लगायतका कार्यक्रम रु.२ करोड ८७ लाख ११ हजार खर्च गरेको छ ।

• पालिकाबाट सञ्चालित आयोजनाको मर्मत सम्भारको लागि मर्मत सम्भार कार्यविधि तर्जुमा गरेको पाइएन ।

• पालिकाले उद्देश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।

• सञ्चालित योजनाको सूचनापाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्य सम्पादन लगायतका विषय पारदर्शी गर्न सकेको छैन । सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षण गर्नुपर्नेमा उपभोक्ता समितिका पदाधिकारी भित्रमात्र यस्तो सुनवाई वा परीक्षण सीमित गरेको अवस्था समेत छ।

• निजामती सेवा ऐन २०४९ बमोजिम यस पालिकाकामा कार्यरत २४ जना कर्मचारीको कार्य विवरण वनाई सोको आधारमा कार्यसम्पादन मुल्याङ्कन गर्नुपर्नेमा सो गरेको पाईएन ।

• अन्तर सरकारी वित्त व्यबस्थापन ऐन, २०७४ का दफा ३० को (३) बमोजिम नेपाल सरकार, प्रदेस स्थानीय तहले बजेट कार्यान्यिनको बार्षिक समिक्षा गरी तत्सम्बन्धी विवरण प्रत्येक बर्षको कार्तिक मसान्तभित्र सार्बजनिक गर्नुपर्ने व्यबस्थाको पालना गरेको पाईएन,

• विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाईएन,

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २७ बमोजिम स्थानीय तहले भू-जोखिम संवेदनशीलताका आधारमा जग्गाको उपयोग सम्बन्धी मापदण्ड तोक्नुपर्ने र त्यस्तो मापदण्डको अधीनमा रही तोकेको क्षेत्रमा मात्र भवन निर्माण गर्न स्वीकृति दिन सक्ने व्यवस्था भएकोमा सो अनुसार गरेको पाईएन,

• स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वयन हुने आयोजनाको बिश्लेषण गरी सम्भाब्य आयोजनाको बैंक खडा गरेको पाईएन,

• आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ३३ (४) मा प्रत्येक ३ महिनामा आन्तरिक लेखापरीक्षण गरि सोको प्रतिवेदन दिनुपर्नेमा यस वर्ष आन्तरिक लेखापरीक्षण गरेको पाइएन।

• सार्वजनिक खरिद नियमावली,२०६४ को नियम १०(२) मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्वीकृत नर्म्स बमोजिम तयार गर्नुपर्ने उल्लेख छ ।पालिकाले सञ्चालन गर्ने भौतिक निर्माण कार्यमा साविकको स्थानीय पूर्वाधार विकास तथा कृषि सडक विभाग, सडक विभाग तथा भवन विभागको विभिन्न नर्म्स प्रयोग गरेकोमा कार्यपालिकाबाट भौतिक निर्माण कार्यमा प्रयोग गर्ने नर्म्समा एकरुपता र मितव्ययी हुनेगरी स्वीकृत र प्रयोग गरेको देखिएन ।

• ठेक्का वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु, लागत, सम्पन्न हुने मिति लगायत विस्तृत विवरण देखिने गरी ठेक्का अभिलेख खाता तयार गरेको पाइएन।

• पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन ।

• नेपाल सरकार अर्थमन्त्रालयको बजेट कार्यान्वयन सम्बन्धी मार्गदर्शन २०८०।८१ को दफा ६१ मा व्यवस्था भएअनुसार निर्माण व्यवसायी, आपूर्तिकर्ता र सेवा प्रदायक लगायतका सबै प्रकारका भुक्तानीहरु सोझै बैंक खातामा विधुतिय प्रणाली मार्फत गर्नुपर्नेमा पूर्णरुपमा कार्यान्वयन गरेको पाईएन,

• सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।

• भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन वापत रु.३८ लाख ७६ हजार खर्च लेखेकोमा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलव्धिको मूल्याङ्कन गरेको छैन ।

• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । विविध खर्चतर्फ पालिकाले रू.६२ लाख ६८ हजार खर्च गरेको छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

• पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।

• पालिका भित्रका विद्यालय अनुगमन मापदण्ड तयार गरेको छैन भने अनुगमन समेत गरेको देखिने अभिलेख राखेको छैन।

• पालिकाले शिक्षातर्फको कार्यक्रम कार्यान्वयन पुस्तिकामा उल्लेख भए बमोजिम संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

• स्थानीय तहले विद्यालयगत रकम निकासा खाता राखेको पाईएन,

• संस्थागत विद्यालयहरूमा अध्ययनरत विद्यार्थीहरुको तथ्याङ्क IEMIS अद्यावधिक गरेको छैन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

८ **स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वियनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ ।

९ **पेश्की बाकी-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) को म.ले.प.फा. नं २७० को टिप्पणी १२ अनुसार पालिकाले गत आ. व. मा नै कर्मचारी, ठेकेदार, उपभोक्ता समिति तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई रु. २,५३,००,७२९/- बाँकी रहेको देखिन्छ । उक्त पेश्की मध्ये पनि रु.३६,२२,३२४/- यो वर्षमा अल्य गरेकोले म्याद ननाघेको पेश्कीको रुपमा देखिएको छ। जुन प्रयोजनको लागि पेश्की दिएको हो सोहि प्रयोजनमा उपयोग गरी समयमै पेश्की फर्स्यौट गर्नुपर्दछ ।

शीर्षक	चालु आ.ब.			गत आ.ब.		
	म्याद ननाघेको	म्याद नाघेको	जम्मा	म्याद ननाघेको	म्याद नाघेको	जम्मा
कर्मचारी	५०,०००.००	०	५०,०००.००	०	२, ५० , ०००.००	२, ५० , ०००.००
ठेकेदार	११, ५० , ०००.००	०	११, ५० , ०००.००	०	११, ५० , ०००.००	११, ५० , ०००.००
संस्थागत	७, २५ , ०००.००	०	७, २५ , ०००.००	०	४३, ५० , ०००.००	४३, ५० , ०००.००
उपभोक्ता समिति	१६, ९७ , ३७४.००	०	१६, ९७ , ३७४.००	०	१, ९५ , १० , ७२९.००	१, ९५ , १० , ७२९.००
व्यक्तिगत		०	०	०	४०,०००.००	४०,०००.००
आपूर्तिकर्ता	०	०	०	०	०	०
जम्मा	३६, २२ , ३७४.००		३६, २२ , ३७४.००		२, ५३ , ०० , ७२९.००	२, ५३ , ०० , ७२९.००

१० **सहकारी नियमन-**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४), सहकारी संस्थाहरुको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) दाखिला गर्नु पर्ने व्यवस्था छ। पालिकामा सहकारी संस्था दर्ता नरहेको जानकारी गराएको छ । जसले गर्दा सहकारीको सञ्चालन अवस्था बारे अध्ययन गर्न सकिएन ।

११ **प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन –**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ५७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित ३२ जना पदपूर्ती भएको देखिन्छ भने पदपुर्ति मध्ये पनि ६ जना करारबाट पदपुर्ति भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, इन्जीनियर, जनस्वास्थ्य अधिकृत सहित २५ पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ ।

१२ **करार कर्मचारी व्यवस्था -**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा 83 (८) मा नगर प्रहरी, सवारी चालक, सयस, बगैंचे, प्लम्बर लगायतका पद तथा सेवामा बाहेक करारमा नियुक्त गर्न पाइने व्यवस्था छैन । कार्यालयले ४३ जना कर्मचारी करारमा नियुक्त गरी कुल रु.१ करोड ५३ लाख ४१ हजार खर्च गरेकोमा पालिकाले उल्लेखित पदहरुमा बाहेक कर्मचारी करारमा नियुक्त गरी तलव भत्ता रु.८७,१८,५१५/- भुक्तानी गरेको पाइयो । ऐनको व्यवस्था विपरीत कर्मचारी नियुक्त गरी भुक्तानी गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ ।

पद	नियुक्ति संख्या	तलव भत्ता रु.
इन्जिनियर	१	५६७९५७
अ स ई	३	१२८३१७८
हे अ	१	४५१४९०
अ हे व	१५	६४१५८९०
जम्मा	२०	८७१८५१५

१३ **तलवी प्रतिवेदन-**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ३८ कर्मचारीको रु.३ करोड १८ लाख २६ हजार, शिक्षातर्फ १०१ शिक्षकहरुको रु. ९ करोड १२ लाख ८६ हजार र पालिकाका २४ कर्मचारीको रु.१ करोड २९ लाख ६९ हजार समेत रु.१३ करोड ६० लाख ८१ हजार खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

१४ **वडा सचिवको पदपूर्ति-**

पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

वडा संख्या	वड सचिवको दरबन्दी	वडा सचिवको पदपूर्ति	रिक्त वडा सचिव
१०	१०	५	५

१५ **सेवाप्रवाहको स्थिति-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वियनमा ल्याउन सक्ने ब्यवस्था अनुसार १६ वटा ऐन, ४ वटा नियमावली र ३८ बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वियनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :

विवरण	जम्मा
स्वीकृत घरनक्सा दर्ता पास	२
पञ्जिकरणतर्फ	
जन्मदर्ता	९५९
मृत्युदर्ता	१८९
बसाईसराई दर्ता	८०
विवाह दर्ता	२६२
सम्बन्धविच्छेद दर्ता	१३
पूर्वाधार विकास सडक निर्माण	
कालोपत्रे सडक निर्माण	विवरण प्राप्त नभएको
कालोपत्रे सडक मर्मत	विवरण प्राप्त नभएको
ग्राभेल सडक निर्माण	विवरण प्राप्त नभएको
ग्राभेल सडक मर्मत	विवरण प्राप्त नभएको

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन ।

१६ **कानून निर्माण र सञ्चालन स्थिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १६ वटा ऐन, ४ वटा नियमावली, ३८ कार्यविधि, ६ निर्देशिका र १ आचारसंहिता लगायत ६५ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।

१७ **न्यायीक समिति** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी २ र यो बर्ष थप भएको ६ गरी कुल ८ विवाद दर्ता भएकोमा ८ वटा फछ्र्यौट भएमो देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

१८ **आन्तरीक लेखापरीक्षण-**

आन्तरिक लेखापरीक्षण शाखा- प्रत्येक स्थानीय तहले आफ्नो आन्तरिक कारोवार, आन्तरिक जाच एवं आर्थिक कार्य प्रणाली प्रभावकारी र व्यवस्थित गराउन आन्तिरिक लेखापरीक्षण शाखा गठन गर्नुपर्ने व्यबस्था भएपनि आन्तरिक लेखापरीक्षण शाखा गठन भएको छैन । आन्तरिक लेखापरीक्षण शाखा गठनको अभावमा आर्थिक कारोवार अव्यवस्थित भई वित्तीय जोखिम वढ्ने संभावना रहन्छ । तसर्थ यस नगरपालिकाले आन्तरिक लेखापरीक्षण शाखा गठन गरी आर्थिक कारोवारको यथार्थता एवं वित्तीय जोखिम न्यूनीकरण गर्ने तर्फ ध्यान दिनु पर्दछ ।

आन्तरीक लेखापरीक्षण- स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७७ (२) मा स्थानीय तहले आर्थिक कारोबारको नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारीताको आधारमा प्रत्येक चौमासिक समाप्त भएको एक महिना भित्र आन्तरिक लेखापरीक्षण गराउनु

पर्ने उल्लेख छ । तर गाउंपालिकाले यस वर्षको सवै आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराएको छैन ।तसर्थ कानुनमा तोकिए बमोजिम आर्थिक कारोबारको आन्तरिक लेखापरीक्षण गराई आन्तरिक नियन्त्रण प्रणालीलाई प्रभावकारी बनाउने तर्फ ध्यान दिनुपर्दछ ।

१९ **ठेक्का अभिलेख** -

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

२० **जिन्सी दाखिला** -

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७७ कार्तिक २० को निर्णय नं १ मा सवै संघिय, प्रदेश तथा स्थानीय तहमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली लागु गर्ने निर्णय भएको छ। पालिकाको विभिन्न वडाहरुले तपसिलबमोजिम जिन्सी सामग्री खरिद गरेको र खरिद गरेको सामग्री सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा दाखिला गर्न गाउँपालिकामा पठाएको देखिएन । सम्बन्धीत वडाहरुले खरिद गरेका मालसामानहरु जिन्सी दाखिलाको लागी गाउँपालिकामा पठाई अभिलेख व्यवस्थित गर्नुपर्दछ ।

भौचर मिति	विवरण	सामग्री	परिमाण	रकम
११७,२०८०/८/२४	वडा नं ८ ले खरिद गरी भुक्तानी लिएको	सूचना पेटिका	१	६०००
		कार्पेट प्लाष्टिक	२० मिटर	६८००
		कार्पेट जुट	५ मिटर	३२५०
४३४,२०८०/२/१४	सामुदायिक स्वास्थ्य ईकाई, धुसेनी	टेबुल	१	१३५००
५७६,२०८०/३/२०	स्वास्थ्य चौकी फुलबारी	डिस्पेन्सरी टेबल	१	१८५००
५८२,२०८१/३/२१	वडा नं ४ ले खरिद गरी भुक्तानी लिएको	सोफा	१	७३४५०
		टेबुल	१	२३७३०
		प्लाई डिजाईन	१०	३६१६०
		पेपर डिजाईन	५	१७६२८
		डोर म्याट	१	५०८५
जम्मा				२०४१०३

२१ **आर्थिक सहायता** -

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । पालिकाले स्पष्ट मापदण्ड र कार्यविधि तर्जुमा गरी तथा बजेट विनियोजन गरेर मात्र आर्थिक सहायता वितरण गर्नु पर्दछ। पालिकाले बुहारी छात्रवृत्ती, मृतक परिवार राहत शिर्षक राखि विभिन्न संघसंस्था र व्यक्तिहरुलाई रु.१६,९४,४७७/- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.४१ लाख ९७ हजारको ४०.३६ प्रतिशत हुन आउँछ । निश्चित विधि र मापदण्ड अनुसार आन्तरिक आय समेतलाई ध्यान दिई आर्थिक सहायता वितरण गर्ने प्रक्रियामा नियन्त्रण हुनु पर्दछ ।

२२ **विविध तथा सभा संञ्चालन खर्च** –

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्दछ । पालिकाले यस वर्ष विविधतर्फ रु.५३,२०,९२१ र सो बाहेक पालिकाको सभा संञ्चालनका लागि

रु.९,४७,९९९ समेत कुल रु.६२,६८,९२० खर्च गरेको छ ।उक्त खर्च पालिकाको आन्तरिक आय रु.४१ लाख ९७ हजार ४ सय १६ को १४९ प्रतिशत हुन आउछ ।विविध खर्च सम्बन्धित केही उदाहरण तपसिल बमोजिम रहेका छन।

क्र.स	गो.भौ.नं र मिति	भुक्तानी पाउनेको नाम	विविध खर्च सम्बन्धित व्यहोरा	रकम
१	१३३,२०८०/८/२६	टेक बहादुर बराल	जे.सि.भि मर्मत गर्दा अपरेटरको खाना खाजामा भएको खर्च	३२८५०
२	१३५,२०८०/८/२६	राजन अधिकारी	वडा नं ६ को घोराखोरीमा मेलामा आएका पाउनालाई खाना र खजामा भएको खर्च	३९२५०
३	१५६,२०८०/९/२	अम्मर तामाङ्ग	गा.पा. को पार्टेशन निर्माणमा भएको खर्च भुक्तानी	७५३५८
४	२२९,२०८०/९/२९	रिद्धि सिद्धि हार्डवयर	मसलन्द तथा कार्यालय समाग्री खरिदको भुक्तानी	२३००००
५	२४३,२०८०/१०/७	चम्पादेवी भेराईटी गेष्ट हाउस	सभा सञ्चालनमा चिनि,खाजा सेट, खाना र पानी लगायतको बिल भुक्तानी	६४३८२०
६	२६७,२०८०/१०/२१	राजन अधिकारी	दन्त सेवा शिविर सञ्चालनमा विविध खर्च	३५५२५
७	२८०,२०८०/१०/१४	चम्पादेवी भेराईटी गेष्ट हाउस	तिज विशेष कार्यक्रममा दरखाने कार्यक्रम	५००००
८	४१३,२०८१/१/२६	चन्देश्वर कुमार कुशवाह	तिज विशेष कार्यक्रममा लसुन, प्याज, चामल र नुन लगायतमा खर्च	५२७३०

पालिकाले विविध खर्च गर्दा आवश्यकता र आन्तरिक आयलाई समेत ध्यान दिई मितव्ययीता हुनुपर्दछ ।

२३ **आन्तरिक आय-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।०८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

केन्द्रिय अनुदानबाट खर्च	आन्तरिक आय	आन्तरिक आय प्रतिशत
३२४८७५८५९	४१९७४१६	१.२९

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा १.२९ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

२४ **आयको अनुमान-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.२,३२,९१,२३८/- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।०८१ मा रु.४१,९७,४१६/- अर्थात अनुमान भन्दा ८२ प्रतिशत घटी आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ ।

२५ **कर तथा शुल्क असुली -**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ :

क्र.सं.	राजस्व संकेत	आय शीर्षक	अनुमान	असुली	असुली प्रतिशत
१	११३१३	सम्पती कर	५००००००	४७,६०९.२०	०.९५
२	११३१४	भुमिकर/मालपोत	५००००००	१६४८४४२.४७	३२.९७
३	११३१७	वहाल कर	०	१९३३५४.६३	१९३३५४.६३
७	११६११	व्यवसायले भुक्तानी गर्ने	२७९१२३८.४	०	०
८	११६३१	कृषितथा पशुजन्य वस्तुको व्यावसायिक कारोवारमा लाग्ने कर	०	१,४००.००	१४००
९	११६९१	अन्य कर	०	१५३६६०२.५८	१५३६६०२.५८
१६	१४२२४	परीक्षा शुल्क	०	६,६००.००	६६००
१७	१४२२५	यातायात क्षेत्रको आम्दानी	०	६१,०००.००	६१०००
१८	१४२४३	सिफारिश दस्तुर	२५००००००	२७४६०२	१०.९८
१९	१४२४४	व्यक्तिगत घटना दर्ता दस्तुर	०	१५६५०२	१५६५०२
२०	१४२४५	नाता प्रमाणित दस्तुर	०	१३,०००.००	१३०००
२१	१४२४९	अन्य दस्तुर	८००००००	२२७८०५	२.८५
२२	१४२५३	व्यावसाय रजिष्ट्रेशन दस्तुर	०	२,०००.००	२०००
२३	१४२६३	जलस्रोत सम्बन्धी अन्य दस्तुर	०	२००	२००
२४	१४५२९	अन्य राजस्व	०	२७,१९९.००	२७१९९
२५	१४६११	व्यवसाय कर	०	१,१००.००	११००
जम्मा			२३२९१२३८.४	४१९७४१६.८८	१८.०२

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

२६ **व्यवसाय कर** -

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनूपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.३१०० कर संकलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन । जसबाट पालिकाले संकलन गरेको व्यवसाय कर यथार्थ मन्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

२७ **निरीक्षण नभएको** -

आर्थिक कार्यबिधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६१ मा कार्यालय प्रमुखले प्रत्येक महिना राजस्व उठ्न छुट भए वा नभएको र राजस्व लेखा तथा दाखिलाको निरीक्षण गरी राजस्व हिनामिना भए वा नभएको र नियम ५९ बमोजिम लगती राजस्व तथा हसवली राजस्वको लेखा रहे नरहेको निरीक्षण गरी सोको अभिलेख अद्यावधिक गर्न लगाउनु पर्नेमा सो अनुसार गरेको अबस्था देखिएन । यस्तो अबस्थामा पालिकाले असुल गरेको राजस्व रु.४१ लाख ९७ हजार ४ सय १६ यथार्थरुपमा असुल गरी समयमै दाखिला भएको छ भन्ने अबस्था रहेन यसमा पालिकाबाट एकिन गरी यथार्थरुपमा राजस्व (आय) दाखिलाको सुनिश्चितता हुनुपर्दछ ।

उक्त प्राप्त राजश्व सम्बन्धमा प्राप्त हुनुपर्ने र प्राप्त राजश्व परीक्षण भिडान गर्ने गरेको पाइएन । जसले गर्दा लेखा परीक्षण समयमा समेत प्राप्त हुनुपर्ने राजस्व भिडान गर्न सकिएन । यसमा पालिकाले ध्यान दिनुपर्दछ ।

२८ **बढी तलब भुक्तानी** -

बढी तलब भुक्तानी - आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९ (५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने साथै ३९(११) मा सरकारी रकम खर्च गर्दा वा कुनै आर्थिक कारोवार गर्दा कार्यालय प्रमुखले सरकारी रकमको हिनामिना हानि नोक्सानी वा लापरवाही हुन नपाउने गरी सरकारी सम्पत्ति, नगद, जिन्सी सुरक्षित राख्न उचित प्रवन्ध मिलाउनु पर्ने उल्लेख छ।पालिकाले तपसिलबमोजिम कर्मचारीलाई प्राप्त गर्नुपर्ने पारिश्रमिक भन्दा बढी पारिश्रमिक भुक्तानी गरेको हुँदा बढी भएको पारिश्रमिक भुक्तानी रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

क्र.स	कर्मचारीको नाम	पद	हुनुपर्ने पारिश्रमिक भुक्तानी रु.	भएको पारिश्रमिक भुक्तानी रु.	बढी भुक्तानी रु.	कैफियत
१	उत्तम फुँयाल	बाल कल्याण अधिकारी	१३०२९२	१८८९२४	५८६३२	चैत्र देखि असार सम्म महिनाको रु.१४६५५.५ का दरले करार सम्झौता भन्दा बढी भुक्तानी भएको ।

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **३,२२०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **३,०३०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	५८,६३२

२९ **स्थानीय तहका पदाधिकारी सुविधा-**

नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार कोशी प्रदेश सभाले गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु.८७,२२,०००।०० सुविधा वापत भुक्तानी भएको छ ।

सि.नं	विवरण	प्रमुख/ अध्यक्ष	उपप्रमुख/ उपाध्यक्ष	वडाअध्यक्ष १० जना	कार्यपालिका सदस्य ६	सभाका सदस्य ३५	जम्मा ५३
१	बैठक भत्ता	१४०००	१३०००	३५२०००	१७९०००	८१२०००	१३७००००
२	यातायात खर्च	०	१२००००	०	१८००००	८४००००	११४००००
३	टेलिफोन, मोबाइल	३६०००	३६०००	२४००००	१०८०००	४२००००	८४००००
४	पुस्तक, पत्रीका , ईन्टरनेट	२४०००	२४०००	१२००००	७२०००	४२००००	६६००००
५	समन्वय तथा सहजीकरण	२१००००	२१००००	९६००००	३२४०००	६३००००	२३३४०००
६	अतिथि सत्कार	१०८०००	६००००	४८००००	१४४०००	६३००००	१४२२०००
७	खानेपानी/बिजुली/ सरसफाई	३००००	३००००	१२००००	३६०००	२१००००	४२६०००
८	चाडपर्व खर्च	१००००	१००००	१०००००	६००००	३५००००	५३००००
	जम्मा	४३२०००	५०३०००	२३७२०००	११०३०००	४३१२०००	८७२२०००

२९.१ **चाडपर्व खर्च** - कोशी प्रदेश गाउँ तथा नगर सभामा सदस्यहरुको सुविधा सम्बन्धी ऐन,२०७५ को दफा ३ मा चाड पर्व खर्चको हकमा वर्षमा एकपटक सम्बन्धित स्थानीय तहको आन्तरिक राजस्व र आम्दानीलाई विचार गरी गाउँ तथा नगरपालिकाको सदस्यले रु.१० हजारमा नबढ्ने गरी सभाले स्वीकृत गरेको बजेटको सीमाभित्र रही कार्यपालिकाले निर्णय गरेबमोजिम चाडपर्व खर्च पाउने उल्लेख छ । पालिकाले ५३ जना सभाका सदस्यलाई वार्षिक रु.१० हजारका दरले रु.५ लाख ५३ हजार चाडपर्व खर्च भुक्तानी गरेकोमा ऐनले व्यवस्था गरेबमोजिम कार्यपालिकाले निर्णय गरेको पाईएन ।पालिकाले ऐनले तोकेबमोजिम आन्तरिक राजस्व र आम्दानीलाई विचार गरी कार्यपालिकाले निर्णय गरी चाडपर्व खर्च भुक्तानी गर्नुपर्दछ ।

२९.२ **अनुगमन प्रतिवेदन** - गाँउ तथा नगर सभाका सदस्यहरुले पाउने सुविधा सम्बन्धी ऐन,२०७५ को अनुसूची १ (क) मा मासिक रुपमा गाउँपालिका अध्यक्षले रु. १० हजार , उपाध्यक्षले रु.१० हजार , वडाध्यक्षले रु.४ हजार र कार्यपालिका सदस्यले रु. २ हजार अनुगमन भत्ताको पाउने उक्त अनुगमन भत्ता भुक्तानी लिँदा मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले वर्षभरिमा अनुगमन भत्ता वापत रु. ८,५५,३६० भुक्तानी गरेकोमा ऐनले व्यवस्था गरेबमोजिम मासिक रुपमा अनुगमन प्रतिवेदन तयार गरी पेश गरेको पाईएन । ऐनले तोके बमोजिमको मासिक रुपमा तयार भएको अनुगमन प्रतिवेदन तयार गरी अभिलेख व्यवस्थीत गर्नुपर्दछ ।

२९.३ **गाडी भाडा** - आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले गाउँपालिकाको लागि भनि विगत वर्षहरुदेखि नै मासिक रु.१ लाख ६७ हजारका दरले गाडी भाडामा लने सम्झौता गरी वार्षिक रु.२० लाख ४ हजार भुक्तानी गरेको छ । पालिकाको वार्षिक आम्दानी रु.४१ लाख ९७ हजार ४ सय १६ रहेको मा गाडी भाडा वापत भुक्तानी गरेको रकम आन्तरिक आयको ४८ प्रतिशत हुन्छ । पालिकाको कमजोर आन्तरिक राजस्वको परिचालनको अवस्था समेतलाई ध्यान दिई सवारी भाडामा लिने तथा खर्च गर्दा मितव्ययी हुनु पर्ने देखिन्छ ।

३० **भ्रमण खर्च-**

: कोशि प्रदेशको गाउँ तथा नगर सभाका सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई रु. ३८ लाख ७६ हजार भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .

३०.१ • अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।

• नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।

• भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित, गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।

• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

३०.२ (१४६-२०८०-८-२९):

बढी दरमा भ्रमण खर्च भुक्तानी

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **७,१००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३०.३ **सरुवा भ्रमणमा बढी भुक्तानी**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **२४,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३०.४ (९४-२०८०-८-१४):

सरुवा भ्रमण - भ्रमण खर्च नियामावली, २०६४ को नियम ९ मा कुनै पदाधिकारी वा कर्मचारी सरुवा वा बढुवा भई एक जिल्लाबाट अर्को जिल्लामा जाँदा यस नियमावली बमोजिम भ्रमण भत्ता र भ्रमण खर्च पाउने व्यवस्था छ ।साथै नियम १० मा सोही जिल्लाको एक कार्यालयबाट बिस किलोमिटर भन्दा बढी दुरी भएको अर्को कार्यालयमा सरुवा भएर जाने कर्मचारीले भ्रमण भत्ता पाउने उल्लेख छ । पालिकाले सीमाना जोडिएको पालिका सुनकोशी गाउँकार्यपालिकाको कार्यालय ओखलढुंगामा सरुवा भएकी अधिकृत छैटौँ दुर्गा आचार्य लाई जिपको भाडा रु १५,०००, फुटकर खर्च ३००० र दैनिक भ्रमण भत्ता १४४०० सहित ३ दिनको सरुवा भ्रमण खर्च उल्लेख गरी रु.३२,४०० भुक्तानी दिएको पाईयो ।पालिकाबाट बढीमा एक दिनले पुग्न सकिने स्थान रहेकोमा ३ दिनको भ्रमण खर्च उपलब्ध गराएको साथै च.न ११० मिति २०८०/५/३१ को रमाना पत्रमा सरुवा भ्रमण नलिएको उल्लेख गरी कार्यालयले भ्रमण खर्च उपलब्ध गराए छ । पालिकाले रमाना पत्रमा नलिएको उल्लेख गरी भ्रमण खर्च भुक्तानी गर्नुको कारण र सीमाना जोडिएको पालिका भएको हुँदा २० किलोमिटर भन्दा बढी दुरी भएको र ३ दिनको भ्रमण खर्च दिन मिल्ने आधार प्रमाण पेस गर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	३२,४००

३१ **जरिवाना** - (२००-२०८०-९-२२):

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४ (२) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्दछ ।पालिकाले सवारी नविकरण वापतको रकम भुक्तानी गर्दा बिल रकम रु.६३,१०० मा रु.२७,१२० जरिवाना सहित रु.९०,२२० भुक्तानी गरेको छ ।समयमै नविकण नगरी जरिवाना सहित भुक्तानी गरेकोले कार्यालयलाई थप व्ययभार परेको हुँदा अनियमित देखिएको रु.

अनियमित भएको	२७,१२०

३२ **वडागत खर्च** -

आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन, २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्नु पर्ने उल्लेख छ । पालिकाले प्रत्येक वडालाई नियमित तथा प्रशासनिक खर्च प्रयोजनका लागि विनियोजन गरेको रकम अनुसार वडाहरुले गरेको खर्च देहायबमोजिम रहेको छ ।

वडा नं	खर्च रकम
१	८०००००
२	५८००००
३	६१२०००
४	६८८०००
५	६३८०००
६	२९२०००
७	६१४०००
८	६२७०००
९	७११०००
१०	५२८०००
जम्मा	६०,९०,०००

वडाले पेश गरेको बिल भरपाई अनुसार पालिकाले भुक्तानी गरेकोमा वडाले खरिद गरेका सामाग्रीहरुको एकिकृत रुपमा पाम्समा दाखिला नभएको, सवारीसाधन मर्मत अभिलेख नराखेको, कतिपय खरिद गरेका सामाग्रीहरुको उद्देश्य नखुलेको तथा खर्चको प्रयोजन खुल्न नसकेको , ईन्धन खर्चको लगबुक नराखेको, विविध खर्चमा बिलमात्र संलग्न गरेको, भ्रमण अभिलेख नराखेको र भ्रमणको उदेश्य नखुलेको देखिन्छ साथै भुक्तानी गर्दा सम्बन्धित पाटीको नाममा भुक्तानी नगरी वडा सचिवको नाममा भुक्तानी गरेको पाईयो । अत: पालिकाले माथि उल्लिखित व्यहोराहरुमा सुधार गरी मितव्ययी रुपले खर्च गर्नुपर्दछ ।

३३ **वढि भुक्तानी**- (२९-२०८१-२-१४):

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **२२,४००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

३४ **फरक शिर्षकमा खर्च** -

आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व ऐन,२०७६ को दफा २५ मा कारोबार राख्ने प्रयोजनका लागि महालेखानियन्त्रक कार्यालयले लेखाको ढाँचा र आर्थिक संकेतको वर्गिकरण तर्जुमा गरी महालेखापरीक्षक कार्यालयबाट स्वीकृत गराई लागु गर्नुपर्ने साथै आर्थिक कार्यविधि तथा वित्तीयउत्तरदायित्व नियमावली,२०७७ को नियम ३८ बमोजिम बजेटमा तोकिएको शिर्षकमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले तपसिल बमोजिमको विभिन्न फरक खर्च शिर्षकमा रु.१२,०१,२५२।०० खर्च गरेको पाईयो ।बार्षिक स्वीकृत बजेट तथा कार्यक्रममा रहेको खर्च शिर्षकबाट भुक्तानी गर्नु पर्नेमा ऐन तथा नियम विपरित अन्य खर्च शिर्षकबाट भुक्तानी भएको हुँदा अनियमित भएको रु.

क्र.स	गो.भौ.नं र मिति	भएको खर्च शिर्षक	हुनुपर्ने खर्च शिर्षक	रकम
१	२२९,२०८०/९/२९	विविध खर्च	मसलन्द तथा कार्यालय सामान खरिद	२३००००
२	२३०,२०८०/९/२९	विविध खर्च	मसलन्द तथा कार्यालय सामान खरिद	१७००००
३	२३७,२०८०/१०/७	विविध खर्च	ईन्धन खर्च	७००००
५	२८४,२०८०/१०/२९	विविध खर्च	सवारी मर्मत	३५५००
६	४००,२०८०/१/१७	विविध खर्च	ईन्धन खर्च	७१८२६
७	४१०,२०८०/१/२४	विविध खर्च	मसलन्द तथा कार्यालय सामाग्री खरिद	८८०००
८	४१६,२०८१/१/२७	विविध खर्च	भ्रमण खर्च	२७७५०
९	४२८,२०८१/२/१०	विविध खर्च	हाते ट्याक्टर खरिद	४५०००
१०	४३७,२०८१/२/१४	विविध खर्च	भ्रमण खर्च	२१२७८
११	४४२,२०८१/२/१४	विविध खर्च	ईन्धन खर्च	१८९२१
१२	४४२,२०८१/२/१४	विविध खर्च	सवारी मर्मत	१२९००
१३	४४४,२०८१/२/१६	विविध खर्च	सवारी मर्मत	१६३८३१
१४	४४४,२०८१/२/१६	विविध खर्च	ईन्धन खर्च	४२०१०
१५	४४८,२०८१/२/१७	विविध खर्च	ईन्धन खर्च	४८७१६
१६	४५०,२०८१/२/१७	विविध खर्च	सवारी मर्मत	३९५४९
१७	४८०,२०८१/२/३०	विविध खर्च	ईन्धन खर्च	३४०००
१८	५९७,२०८१/३/२४	संघीय सरकार अनुदान फिर्ता	ज्यालदारी कर्मचारी पारिश्रमिक	८१९७१
जम्मा				१२०१२५२

अनियमित भएको	१२,०१,२५२

३५ **सोझै खरिद-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ १(क) मा दश लाख रुपैया सम्मको लागत अनुमान भएको निर्माण कार्य खरिद गर्दा मौजुदा सुचिमा रहेको कम्तीमा ३ वटा निर्माण व्यवसायीबाट लिखित रुपमा दरभाउपत्र वा प्रस्ताव माग गरी खरिद गर्नुपर्ने छ तर नियम १(ख) मा एक आर्थिक वर्षमा एकै पटक वा पटक पटक गरी सीमाभन्दा बढी रकमको एउटै व्यक्ती, फर्म, कम्पनी वा संस्थाबाट सोझै खरिद गर्न सकिने व्यवस्था छैन । तर पालिकाले निम्न योजनाको निर्माण कार्य गर्दा नियमावलीमा भएको व्यवस्था विपरीत गरेको कार्य नियमसम्मत नदेखिएको रु…

भौ न र मिति	कामको प्रकृति	निर्माण व्यवसायी	भुक्तानी रकम
६८।२०८०।८।२६	गापा केन्द्रदेखि चम्पादेवी मन्दिर जोड्ने बाटो	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	९५२५७५
७१।२०८०।८।२७	पालिका चक्रपथ १- ५ मर्मत तथा स्तरोन्नती	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	४७६०४०
७२।२०८०।८।२७	पाल्लेखोला मिश्रभञ्जाङ्ग दुम्सेखोला सडक मर्मत	चम्पादेवी निर्माण सेवा	९५४७४०
८१।२०८०।८।२९	साविक वडा नं ३ रोड सोलिङ्ग योजना	चम्पादेवी निर्माण सेवा	९५७१३४
१०५।२०८०।९।२४	३ नं वडा भरिको मोटरबाटो निर्माण	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	४७४६७२
१७१।२०८१।२।१८	शिलुङ्ग साइदुवा सौरेनी फलाटे भञ्जाङ्ग सडक मर्मत	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	९४६०७०
२३८।२०८१।३।१२	ओख्रेनी सिरानटोल ढल निर्माण	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	४७८७५४
२९६।२०८१।३।२३	कालिखोला मोटरबाटो स्तरोन्नती योजना	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	९३५९५१
जम्मा			६१७५९३६

अनियमित भएको	६१,७५,९३६

३६ **सुरक्षित नागरिक आवास कार्यक्रम-**

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ मा संविधान प्रदत्त मौलिक हकको कार्यान्वयनका लागि घरवार विहिन घर परिवारहरुलाई जस्तापाता सहितको सुरक्षित आवास निर्माण तथा पराल वा खरको छाना भएका घरपरिवारलाई जस्तापाताको छानामुनी ल्याउने गरी यो कार्यविधि निर्माण भएको भन्ने उल्लेख छ । ७५।२०८१।३।२४ गाउँपालिका अन्तर्गतका वडा हरुमा विभिन्न परिवारलाई माटो र काठको छानो विस्थापन भनी यस वर्ष ५४ घरपरिवारलाई रु.४८,०००/- प्रति घरपरिवारका दरले जम्मा रु.२५,९२,०००/- भुक्तानी गरेको पाईयो। उक्त कार्यक्रम विगत वर्षदेखिकै निरन्तरता रहेको र यस वर्ष पनि तोकिएका घरपरिवारलाई रकम भुक्तानी गरेको गाउँपालिकाले जनाएको छ। सम्बन्धित लाभग्राहीले उक्त रकम प्राप्त गरे नगरेको जस्तापाता खरिद गरि कार्यसम्पन्न भए/नभएको सम्बन्धमा कार्यविधिमा भएको व्यवस्था बमोजिम गाउँपालिकाले अनुगमन निरिक्षण गर्नुपर्दछ ।

३७ **परामर्श सेवा**-

सार्वजनिक खरिद ऐन, २०६३ को नियम २९(१क) मा सार्वजनिक निकायले उपलब्ध जनशक्तिबाट कुनै काम हुन नसक्ने भएमा मात्र कुनै फर्मबाट परामर्श सेवा खरिद गर्न सकिने व्यवस्था रहेको छ । साथै आर्थिक कार्यविधि तथा वितीय उतरदायित्व ऐन २०७६ को दफा २४ को उपदफा २ मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले खर्च गर्न पर्ने उल्लेख छ । यस पालिकाले परामर्श सेवा वापत कार्य गराउँदा निम्न व्यहोरा देखिएको छः

• विपद पूर्वतयारी तथा प्रतिक्रिया योजना निर्माणः पालिकाले २४९।२०८१।३।१७ बाट यस कार्यका लागि रु.९,९९,९९९/- को लागत अनुमान तयार गरी परामर्श सेवाको रुपमा कोर रिसर्च एण्ड कन्सल्टेन्सी सर्भिस मार्फत रु.९,९६,८८६/- मा कार्य गराएको छ । पालिकाले यस कार्यक्रमका लागि आवश्यक पर्ने विवरणको लागत अनुमान तयार गर्दा लिएको आधार समेत उल्लेख गरेको छैन । कार्ययोजनामा सम्पूर्ण खर्च शिर्षक व्यवस्था गर्दापनि कार्यालय व्यवस्थापन लागत कूल खर्चको १० प्रतिशत थप गर्दा कार्यक्रमको लागत समेत वढेमो छ । २०८०।१०।२० मा गरेको सम्झौता अनुसार ९० दिनमा कार्य सम्पन्न गर्ने भनेकोमा समयमै नगरी २०८१।३।४ मा भुक्तानीको लागि निवेदन पेस गरेको छ । साथै परामर्शदाताले ५ पृष्ठको साधारण प्रतिवेदन पेस गरेको समेत उचित देखिएन ।

• मध्यमकालिन खर्च संरचनाः पालिकाले २५०।२०८१।३।१७ बाट यस कार्यका लागि परामर्श सेवाको रुपमा फाइन ट्यूनिङ्ग कन्सल्टेन्सी मार्फत रु.५,९७,९८९/- मा कार्य गराएको छ । पालिकाले यस कार्यक्रमका लागि आवश्यक पर्ने विवरणको लागत अनुमान तयार गर्दा लिएको आधार समेत उल्लेख गरेको छैन । परामर्शदाताले ४ पृष्ठको साधारण प्रतिवेदन पेस गरेको समेत उचित देखिएन । साथै मध्यमकालिन खर्च संरचना बाट प्राप्त उपलब्धी पालिकाले प्रयोग गरेको समेत देखिएन ।

पालिकाले स्थानीय विकासमा टेवा पुग्ने तथा दीर्घकालीन पुँजी निर्माण हुने मागमा आधारित आयोजनाको छनौट भएपछि लाभ लागत यकिन गरी उपलब्ध जनशक्तिबाट हुन नसक्ने कार्यको लागि प्रतिस्पर्धाको माध्यमले परामर्श सेवा खरिद गनुपर्नेमा सो गरेको देखिएन ।

३८ **गोपे रचने लिफ्टिङ्ग योजना क्रमागत योजना-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३६ अनुसार योजनाहरुको भौतिक र वित्तीय पक्षको सामुहिक समीक्षा गर्नुपर्ने र यसरी गरिने समीक्षामा प्रगति कम हुनुका प्रमुख कारणहरु र सोको निमित्त जिम्मेवार व्यक्तिको पहिचान गर्नुपर्ने, त्यस्तो समीक्षामा सुधारका लागि चाल्नु पर्ने कदमहरु र जिम्मेवार व्यक्ति उपर गर्नुपर्ने कारबाही समेत उल्लेख गर्नुपर्ने व्यवस्था छ । पालिकाले २७।२०८०।८।१० बाट यस योजनाका लागि गत वर्षको भुक्तानी बाँकी रकम भनी रु.७,८९,६७८/- भुक्तानी गरेको छ । आर्थिक वर्ष २०७९।८० मा यस योजनाको लागत अनुमान रु.१३,८२,४८४.७९ को बनाई कूल मूल्याङ्कन रु.१३,८०,१७२/- रहेको पाइयो । योजनामा २ वटा Reservoir Water Tank बनेको बाहेक अरु काम भएको देखिएन । यस योजनामा आर्थिक वर्ष २०८०।८१ मा कुनैपनि रकम विनियोजन गरेको देखीएन भने आधा अधुरो निर्माण कार्यको लागत अनुमान तयार गरी कार्य गर्दा योजना अलपत्र परेको देखिन्छ । यसरी कानून विपरीत सम्झौता गरी बषौसम्म पनि सम्पन्न नगरी योजना अधुरो रहन गएको उपयुक्त देखिएन ।

३९ **परामर्श तथा डीपीआर खर्च-**

बजेट व्यवस्था भई कार्यान्वयन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

गो भौ नं. र मिति	कार्यविवरण	परामर्शदाता	खर्च रकम	अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत
३१।२०८१।२।२४	Feasibility Study, Master plan, Detailed Design and Report preparation of Nagdaha Yakikrit Basti	सुगी कन्सल्टेन्ट प्रा लि	१४९७२५०	पेस नगरेको
२९५।२०८१।३।२३	Feasibility Study, Master plan, Detailed Design and Report preparation of Palapu Bhanjyang Bazzar	गोर्खा इन्जिनियरिङ्ग कन्सल्टेन्सी	८९९४८०	९२१६४५३२
३०२। २०८१।३।२३	Preparation of Detailed engineering survey, design and estimation preparation of Champadevi water supply project	इमी इन्जिनियरिङ्ग कन्सल्टेन्सी	९२४०५६	६१६०१४०९
३१४।२०८१।३।२४	Feasibility study of educational status of Champadevi RM for program expenses	हिमालय कन्स्ट्रक्सन एण्ड इन्जिनियरिङ्ग प्रा लि	४९८८९५	…
२४९।२०८१।३।१७	विपद पूर्वतयारी तथा प्रतिक्रिया योजना निर्माण	कोर रिसर्च एण्ड कन्सल्टेन्सी सर्भिस	९९६८८६	…
२५०।२०८१।३।१७	मध्यमकालिन खर्च संरचना	फाइन ट्यूनिङ्ग कन्सल्टेन्सी	५९७९८९	…
जम्मा			५४१४५५६	

४० **डोजर, ब्याकूलोडर, एक्साभेटर-**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । तर पालिकाको ब्याकूलोडर प्रयोग गरेवापत उपभोक्ता समितिले आफ्नो इन्धन प्रयोग गरी घण्टाको रु.१,६००/- र पालिकाकै इन्धन प्रयोग गरेमा घण्टाको रु.२,८००/- मा प्रयोग गर्न पाइने गरी कार्यविधि

निर्माण गरेकोमा पालिका अन्तर्गतका उपभोक्ता समितिबाट सञ्चालित योजनामा पालिकाको ब्याकूलोडर प्रयोग गरेको कुनै पनि रकम पालिकाको राजस्वमा दाखिला गरेको पाइएन । यसरी राजस्व संकलन नगरी पालिकाबाट इन्धन, मर्मत, चालकको मासिक तलब वापत खर्च भएको रकमको औचित्यतता देखिएन ।

४१ **जिन्सी निरीक्षण** -

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । पालिकाले यस वर्ष जिन्सी निरीक्षण गराई प्रतिवेदन तयार गरेको छैन। जसले गर्दा पालिकाको जिन्सीको अवस्था बारे यकिन गर्न सकिएन । नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

४२ **उपभोक्ता समिति मार्फत खरिद-**

४२.१ **उपभोक्ता समितिः** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४४ मा उपभोक्ता समितिबाट कार्य गराउँदा मितव्ययीता, गुणस्तरीयता वा दिगोपना अभिवृद्धि हुने भएमा वा परियोजनाका उद्देश्यनै रोजगारीको सिर्जना गर्ने र लाभग्राही समुदायलाई सहभागि गराउने भएमा तोकिए बमोजिमको कार्यविधि पुरागरी त्यस्तो कार्य गराउन सकिने उल्लेख छ । त्यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ (११ औँ संशोधन समेत) को नियम ९७(क) मा रु.५ करोड सम्म लागत अनुमान भएको निर्माण कार्य उपभोक्ता समितिबाट गराउन सकिने उल्लेख छ । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

• आयोजनाले यो वर्ष विभिन्न ८६ वटा निर्माण कार्य उपभोक्ता समितिहरु मार्फत गराई उपभोक्ता समितिको योगदान कटाई रु.४,३७,७६,४३३/- भुक्तानी दिएको छ ।

• उपभोक्ता समितिहरुले निर्माण व्यवसायीबाट काम गराउने र बोलपत्रबाट खरिद गर्नुपर्ने सामान समेत उपभोक्ता समितिबाट सोझै खरिद गरेको देखिँदा यस्ता परिपाटी उपर कडाइका साथ नियन्त्रण गर्नुपर्दछ ।

• उपभोक्ता समितिहरुले गरेको निर्माण कार्यको गुणस्तर परीक्षण गरेको पाइएन । यसरी उपभोक्ता समितिहरुबाट निर्माण योजनाको गुणस्तरका बारेमा यकिन हुन सकिने अवस्था रहेन । उपभोक्ता समितिहरुले प्रयोग गरेका सामग्रीहरुको गुणस्तर परीक्षण गरेर मात्र निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

उपभोक्ता समितिको क्षमता, जनशक्ति, उपकरण लगायतका कारणले निर्माण कार्यको गुणस्तर कायम गर्न कठिनाई हुने हुँदा जटिल प्रकृतिका निर्माण कार्य उपभोक्ता समितिमार्फत गराउनु उचित देखिदैन ।

४२.२ **लागत सहभागिता** — पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

४२.३ **प्राविधिक बिल र कार्य सम्पन्न-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ बिल वा अन्य कुनै बिल बिजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी किताबमा उल्लेख भएको वास्तविक कार्यसम्पादनको आधारमा भुक्तानी गर्नुपर्ने ब्यवस्था रहेको छ । उपभोक्ता समितिहरुबाट सञ्चालित योजनाको ठेक्का बिलहरुमा लागत अनुमान र वास्तविक कामको मूल्याङ्कनमा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ । लागत अनुमान बरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविक काम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन । प्राविधिकले पेश गर्ने कार्य सम्पन्न

प्रतिवेदनमा कार्य सम्पन्न गर्नुपर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङ नर्म्स अनुसार बिलमा खुलाउनुपर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन । यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नुपर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नर्म्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नापजाँचलाई वास्तविक कार्यसम्पादनमा आधारित बनाउनुपर्दछ ।

४२.४ **उपभोक्ता समितिबाट भएको कार्य एवं भुक्तानी प्रक्रिया-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(६) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले हरेक किस्ताको कामको प्राविधिक मूल्याङ्कन, विल भरपाई र खर्च प्रमाणित गर्ने अन्य कागजात त्यस्तो समिति वा समूदायको वैठकबाट अनुमोदन गराई सम्बन्धित सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । सोही नियमको ७ वमोजिम प्रत्येक किस्तामा गरेको खर्च सार्वजनिक गरेको सूचना टाँस गर्ने र सामाजिक परीक्षण गराउनुपर्ने व्यवस्था छ । उ.स.ले गरेको कामको भूक्तानी मागगर्दा विल, भरपाई, वैठक अनुमोदन, खर्च सार्वजनिक तथा सामाजिक परीक्षण गरेको प्रमाण नलिई मूल्याङ्कनको आधारमा भूक्तानी गर्ने परिपाटी अपनाएको छ । प्राप्त विवरण अनुसार यो वर्ष उपभोक्ता समिती मार्फत विभिन्न सडक स्तरोन्नती, पार्क निर्माण, नाला निर्माण लगतयतका योजनामा रु. भुक्तानी भएको छ । उपभोक्ता समितिलाई व्यवस्थित र पारदर्शी गराउन तोकिएको मापदण्ड पूरा गरेपछि मात्र मूल्याङ्कन गरी भूक्तानी गर्नुपर्ने देखिन्छ ।

४२.५ **हेभी इक्विपमेण्टको प्रयोग** — सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिनरी प्रयोग गर्न नमिल्ने व्यवस्था छ । सो नियमावलीको प्रतिबन्धात्मक वाक्यांशमा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुपर्ने जटिल प्रकृतिको कार्य भनी उल्लेख भएको रहेछ भने सम्बन्धित प्राविधिकको सिफारिशमा सार्वजनिक निकायबाट सहमति लिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेख छ । पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नतिसँग सम्बन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभी मेशिन प्रयोग गर्ने गरेको पाइए तापनि नियमावलीको व्यवस्था बमोजिम सम्बन्धित प्राविधिकको सिफारिश गराई गाउँ कार्यपालिकाबाट सहमति लिएको पाइएन । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन :

गोभौ र मिति	उपभोक्ता समितिको नाम	कामको विवरण	भुक्तानी रकम	प्रयोग गरेको हेभी उपकरण	हेभी उपकरणमा भएको खर्च
२।२०८०।६। २९	पुनाटार घाङसाङ मोटर बाटो निर्माण उस	सडक निर्माण	३८२३३८	डोजर	३२०५९८
५८।२०८०। ८।२५	गोल्मा देवी बडहरे रजैया ब्रोपाटार मोटर बाटो निर्माण उस	सडक निर्माण	२८२८०८९	डोजर	२६७४३८२
७३।२०८०। ८।२७	चम्पादेवी ककनी पूर्वाधार निर्माण योजना उस	सडक निर्माण	१४०४६४९	डोजर	५९५९५२
१८२। २०८१।२। २२	रैकाघुम्तीमहारुद्रभन्ज्याङ्गमोटरबाटोस्तरोन्नतीउस	सडक निर्माण	३५१५९१	डोजर	२२५०००
२०४। २०८१।२। २९	६ नं वडा भरिका सडक मर्मत उस	सडक निर्माण	१४८५७०	ब्याकुलोडर	१९५४८८
२३४। २०८१।३। ११	वडा भरी मोटर बाटो मर्मत तथा निर्माण उस	सडक निर्माण	४३९१७५	डोजर	२७००००
जम्मा	५५५४४१२		४२८१४२०		

४२.६ **उपभोक्ता समितिको काम निर्माण व्यवसायीले गरेको** - सार्वजनिक खरिद नियमावली २०६४ को नियम ९७ (१०) मा उपभोक्ता समिति वा लाभग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नु पर्ने र कुनै निर्माण व्यवसायी वा सब कन्ट्र्याक्टरबाट गराउन नहुने व्यवस्था छ । सोही नियमावलीको उपनियम १३ मा उपभोक्ता समिति वा लाभग्राही समुदायले प्राप्त गरेको कुनै काममा निर्माण व्यवसायीलाई संलग्न गराइएको पाइएमा सार्वजनिक निकायले उक्त उपभोक्ता समिति वा लाभग्राहि समिति सँगको सम्झौता रद्द गरी त्यस्तो उपभोक्ता समितिलाई भविष्यमा कुनै काम गर्न नदिने गरी अभिलेख राख्ने र सो काम गर्ने निर्माण व्यवसायीलाई कारवाहीको लागि सार्वजनिक खरिद अनुगमन कार्यालयमा सिफारिस गर्नु पर्ने समेतको व्यवस्था छ ।यो वर्ष पालिकाबाट कतिपय उपभोक्ता समिति मार्फत सम्पादित निर्माण तथा जडान कार्यहरुमा निर्माण व्यवसायी लगायको र सो काम सम्पन्न भएको विवरण सहित सम्बन्धित निर्माण व्यवसायीले जारी गरेको वील बिजकबाट समेत देखिन्छ । निम्नानुसार उपभोक्ता समितिहरुले आफुलाई प्राप्त भएको काममा निर्माण व्यवसायीलाई प्रत्यक्ष रुपमा संलग्न गराएको देखियो । तसर्थ उपभोक्ता समिति सँग पालिकाको सम्झौता हुने र उपभोक्ता समितिले सो काम निर्माण व्यवसायी मार्फत गराउदा नियमावलीको उल्लिखित प्रावधान विपरित भएको देखिएकोले यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

गो.भौ नं/मिति	उपभोक्ताको नाम	भुक्तानी रकम	निर्माण व्यवसायीको नाम	भुक्तानी रकम
६१।२०८०।८।२५	सोनाम गुम्बा निर्माण तथा मर्मत योजना उ स	१४१६९०	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	१५००००
६७।२०८०।८।२६	घोराखोरी डाडाँगाउँ बतासे मोटरबाटो उ स	३६०९०१	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	४५७२२०
७४।२०८०।८।२७	मोटरबाटोहरु मर्मत योजना उ स	१८९८५९	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	१९४०००
७७।२०८०।८।२८	लुम्बे मोटरबाटो निर्माण योजना उ स	१८४२८६	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	१९००००
७९।२०८०।८।२८	सर्मधखोला पलापु भन्ज्याङ्ग सडक स्तरोन्नती उ स	२२८९६४	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	२३५०००
१९६।२०८१।२।२८	वडा भरिको मोटरबाटो सरसफाई उ स	८५९६७	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	१३१०००
२१४।२०८१।२।३२	गणेस्थान हुदै लामाटार मोटर बाटो निर्माण उ स	३७४०००	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	४७८७२६
जम्मा		१५६५६६७		१८३५९४६

४३ **१५ शैया अस्पताल भवन निर्माण-**

ठेक्का नं. १२।०७७।०७८, गाउँपालिकाले १५ शैयाको अस्पताल भवन निर्माणको लागि निर्माण व्यवसायी श्री लुम्बिनी/खानी जे.भि. सँग रु.१७,२९,३९,३६४/७१ भ्याट समेतमा मिति २०७८।०३।३० मा सम्झौता गरी सोको कार्य सम्पन्न गर्ने म्याद २ वर्षको रहेको उल्लेख छ । यस सम्बन्धी व्यहोरा निम्नानुसार छन:

४३.१ **म्याद थप-** सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५६(२) मा काबु बाहिरको परिस्थिति वा अन्य मनासिव कारणबाट खरिद सम्झौताको अवधि बढाउन सक्ने र नियमावलीको नियम १२० मा ऐनको दफा ५६ बमोजिमको अवस्था परी खरिद सम्झौताको काम त्यस्तो सम्झौतामा उल्लिखित अवधि भित्रमा पूरा गर्न नसकिने भएमा जाँचबुझ गरी कारण मनासिब देखिएमा म्याद थप गर्न सक्ने उल्लेख छ । म्याद थप गर्दा नियमको व्यवस्था अनुसार निर्माण व्यवसायीले काबु बाहिरको परिस्थिति परी तोकिएको समयमा काम सम्पन्न गर्न नसकिएको भन्ने सम्बन्धमा आवश्यक प्रमाण तथा पुष्ट्याइँ समेत प्रस्तुत गर्नुपर्दछ । शुरु म्याद भित्र निर्माण कार्यको रु.१२,७३,५९,९०३/- भुक्तानी भएकोमा भौतिक प्रगति तयार गरेको देखिएन । साथै समयसिमामा कार्य सम्पन्न हुन नसकेको भनि प्रथम पटक १० महिना र दोस्रो पटक १८० दिन समेत जम्मा १६ महिना म्याद थप भई मूल्य समायोजन समेत रु.१७,७२,१४,२३१/- भुक्तानी भएको छ भने अन्तिम म्याद २०८१ श्रावण २६ सम्म भएकोमा तत्पश्चात म्याद थप भएको देखिएन ।

४३.२ **भेरिएसन आदेश-** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ खरिद सम्झौता गर्दाको बखत पूर्वानुमान गर्न नसकिएको परिस्थिति सो सम्झौता कार्यान्वयनको क्रममा उत्पन्न भएमा सम्झौता रकमको २ प्रतिशत वा आइटमको २५ प्रतिशत वढि भएमा निर्माण कार्यको ड्रईङ, डिजाइन तथा स्पेशिफिकर्शन आदि बदल्नु पर्ने वा नपर्ने र बदल्नु पर्ने भएमा निर्माण कार्यको आधारभुत प्रकृति वा क्षेत्र परिवर्तन हुने वा नहुने कुरा सहित भेरिएसन परिमाणको प्राविधिक पुष्ट्याई र कारण समेत खुलाई तोकिए वमोजिम भेरिएसन गर्नुपर्ने व्यवस्था छ । शुरु डिजाइनमा इटाको गारो लगाउने, Brick work, Que side dressed Ashlar masonry work, earth work excavation लगायतका आइटममा थप र Three side Ashlar masonry work, M२० concrete work, ३० mm thick screed with punning लगायतका आइटम मा घट भई सम्झौता रकमको ०.१३ प्रतिशत घटि भएको साथै VO२ मा Earth work, Brick work, Que side dressed Ashlar masonry, form work लगायतका आइटममा परिमाण थप भई कुल रु.२,३९,४८,८२३/-

अर्थात सम्झौताको १३.८५ प्रतिशत वृद्धिभई सम्झौता रकम रु.१९,६८,८८,१८८/- कायम हुन गएको छ । उक्त VO कार्यपालिकाको मिति २०८०।०६।०९ मा स्वीकृत भएको छ । DPR तयार गर्दा पर्याप्त विश्लेषण नभएकोले परिमाण थप घट हुन गएको देखिन्छ । तसर्थ DPR र लागत अनुमान तयार गर्ने, सोको परिक्षण एवं स्वीकृत गर्ने परामर्शदाता, कर्मचारी एवं पदाधिकरीलाई जिम्मेवार बनाउनुपर्दछ ।

४३.३ **मूल्य समायोजन-** सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११९ मा निर्माण कार्यमा मूल्य समायोजन गर्न सकिने कुरा खरिद सम्झौतामा उल्लेख गर्नुपर्ने व्यवस्था छ । निर्माण व्यवसायीसँग भएको सम्झौताको विशेष शर्तको बुँदा नं. ५३.१ मा This contract is not subject to price adjustment. उल्लेख भएको छ । बहुवर्षिय ठेक्का भएता पनि सम्झौतामा उक्त विषय उल्लेख भएकोले मूल्य समायोजन भुक्तानी गर्न मिल्ने देखिदैन । यसरी चौथो बिल सम्म मूल्य समायोजन वापत भुक्तानी दिएको रु.१,९६,४३,७८६/५२ र सोको मु अ कर रु.२५,५३,६९२/२४ समेत कुल रु.२,२१,९७,४७८/७६ असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	२,२१,९७,४७८.७६

४३.४ **गुणस्तर परिक्षण-** यस वर्ष चौथो बिलबाट रु.५,२४,७१,१७०/- भुक्तानी भएकोमा गुणस्तर परिक्षण प्रतिबेदन पेश गरेको नदेखिएकोले सोको गुणस्तर सम्बन्धमा पालिकाले यकिन गरी गुणस्तर परीक्षण गरेको Lab test report समेत पेस गर्नुपर्दछ ।

४३.५ **बीमाको म्याद-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा निर्माण कार्यको बीमा सम्बन्धी व्यवस्था रहेको छ । विमा रकम रु.७,९६,४६०/१८को म्याद २०८०।१०।२९ सम्म रहेकोमा भुक्तानी रु.३,१८,५८४/०७ भएको देखिएको र विमा गरेको प्रमाण र सोको म्याद थपको प्रमाण पेश नभएकोले सोको प्रमाण पेश हुनुपर्ने रु.

प्रमाण पेश नगरेको	७,९६,४६०.१८

४४ **३० प्रतिशत मुअकर-**

मूल्य अभिवृद्धि कर नियमावली, २०५३ को नियम ६(ग)मा ठेक्का वा करार अन्तर्गत वस्तु वा सेवा आपूर्ति बापतको मूल्य अभिवृद्धिकर भुक्तानी सम्बन्धी विशेष व्यवस्थामा उप नियम (१) बमोजिम सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु, सेवा वा दुबै आपूर्ति गरी सो वापतको रकम सम्बन्धीत ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको तीस प्रतिशतले हुन आउने रकम सम्बन्धीत आपूर्तिकर्ता वा ठेकेदारको नामबाट राजश्व शिर्षकमा जम्मा गरी बाँकी रहने कर वापतको रकम मात्र भुक्तानी दिनुपर्ने व्यवस्था रहेको छ । तर पालिकाले सो व्यवस्था विपरीत शत प्रतिशत कर वापतको रकम नै भुक्तानी गरेकोले ३० प्रतिशतले हुन आउने मुअकर रकम दाखिलाको समायोजन पेस गर्नुपर्ने रु.

गोभौनं./मिति	भुक्तानी पाउनेको नाम	प्यान नं.	भुक्तानी रकम	मुअकर कर रकम	३० प्रतिशत रकम
६८।२०८०।८।२६	अनलाईन कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रालि	६१०४५७७५५	९५२५७५	१०९५८८	३२८७६
७२।२०८०।८।२७	चम्पादेवी निर्माण सेवा	६०६३०६४४७	९५९९०९	११०३१७	३३०९५
८१।२०८०।८।२९	चम्पादेवी निर्माण सेवा	६०६३०६४४७	९५७१३४	११०११३	३३०३४
१७१।२०८१।२।१८	अनलाईन कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रालि	६१०४५७७५५	९४६०७१	१०७४५९	३२२३८
२०७।२०८१।२।३०	मैनावती कन्स्ट्रक्सन प्रालि	६०३५३२४२५	८६३८८९	९९२७०	२९८७१
२९५।२०८१।३।२३	गोर्खा इन्जिनियरिङ्ग कन्सल्टेन्सी	६१६६९२८६२	८९९४८०	१०३४८०	३१०४४
२९६।२०८१।३।२३	अनलाईन कन्स्ट्रक्सन एण्ड कन्सलटेन्सी प्रा.लि.	६१०४५७७५५	९४८३८१	१०७७२९	३२३१९
३०२।२०८१।३।२३	इभी इन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रालि	६१०४३०८६४	९२४०५६	१०६३०७	३१८९२
२४९।२०८१।३।१७	कोर रिसर्च एण्ड कन्सल्टेन्सी सर्भिस	६१०३००७४३	९९६८८६	११४६८६	३४४०६
३१।२०८१।२।१४	सुगी कन्सल्टेन्सी प्रालि	६०६८६३८६९	१४९७२५०	१७२२५०	५१६७५
सशर्त					
२५२/२०८१।०३। २३	हेल्थ एण्ड हाइजिन प्रोडक्ट्स प्रा लि	६०६८४५९८८	५६८२७९	६५३७७	१९६१३
१०८/ ०८१।०२।१४	आए वि एस ग्लोबल विजनेश कन्सल्टेन्सी प्रा लि	६१०४१११६०	६७९९३७	७८२२२	२६५१७
२६२/०८१।०३।२४	ढकाल निर्माण सेवा	६१८९०४८११	९१९९९०	१०५८३९	३१७५१
२५०।०८१।०३।२४	हिमाल मल्टिपर्पोज रिसर्च एण्ड डेभलपमेन्ट प्रा लि	६०६७५५०२३	१९९५४६७	२२९५६७	६८८७०
जम्मा			१४१०९३०५	१६२०२०६	४८९२०१

प्रमाण पेश नगरेको	४,८९,२०१

४५ **दोहोरो भ्याट-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ्ग बिल वा अन्य कुनै बिल बीजकको भुक्तानी गर्दा नियमावलीमा उल्लेखित करारका शर्त बमोजिम बिल वा बीजकको भुक्तानी गर्नुपर्ने व्यवस्था रहेको छ । पालिका अन्तर्गतका निम्नलिखित योजनामा निर्माण कार्य गर्दाको लागत अनुमान तयार गर्दा आइटम Roadway Excavation in all types of soil by mechanical means,………………. को rate analysis मा पनि भ्याटसहित मूल्य राखिएको र बिजकको भुक्तानी गर्दा पनि पुनः भ्याट जोडेर भुक्तानी गरेकोले दोहोरो भ्याट भुक्तानी हुन गएको देखिन्छ । यसरी दोहोरो पर्न गएको भ्याट रकम असुल गर्नुपर्ने रु……

गोभौनं./मिति	योजनाको नाम	निर्माण व्यवसायी	परिमाण र दर	भुक्तानी हुनुपर्ने रकम	भुक्तानी भएको रकम	बढी भुक्तानी रकम
६८। २०८०।८। २६	गापा केन्द्रदेखि चम्पादेवी मन्दिर जोड्ने बाटो	अनलाईन कन्स्ट्रक्सन एण्ड कन्सल्टेन्सी प्रालि	७३२३. ४८ × ७४ . ५	५५०८१३.८९	६२२४१९.६९	७१६०६
७१। २०८०।८। २७	पालिका चक्रपथ १- ५ मर्मत तथा स्तरोन्नती	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	५६१७× ७५	४२१२७५	४७६०४०.७५	५४७६५.७५
१०५। २०८०।९। २४	३ नं वडा भरिको मोटरबाटो निर्माण	अनलाइन कन्स्ट्रकस्न एण्ड कन्सल्टेन्सी प्रा लि	५७१८. ८ × ७५ . ४४	४२३८८२.२७	४७८९८६.९६	५५१०४.६९
१७२। २०८१।२। १८	पालिका चक्रपथ ६- १० मर्मत तथा स्तरोन्नती	कालिकादेवी इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रालि	३५२०. ८६ × ७५	२६४०६४.१३	२९८३९२.४६	३४३२८.३४
१७३। २०८१।२। १८	दलङ्ग मकुवा खोला तथा वडा ४ र ५ चक्रपथ सरसफाई	कालिकादेवी इन्जिनियरिङ्ग कन्स्ट्रक्सन प्रालि	३४५२. ३८ × ७५	२५८९२८.१३	२९२५८८.७८	३३६६०.६६
जम्मा				१९१८९६३.४२	२१६८४२८.६४	२४९४६५.४४
					असुल गर्नुपर्ने	२,४९,४६५.४४

४६ अधुरा आयोजना -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ वमोजिम खरिद सम्झौतामा उल्लेखित अवधी भित्र कार्यसम्पन्न गरी प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले अन्तर्गतका निम्न योजनाको सम्झौता रकमको न्यून प्रतिशत कार्य हुँदाहुदै पनि कार्यसम्पन्न तयार गरेर आयोजना अधुरो छाड्ने परिपाटी रहेको देखिन्छ । उपभोक्ता समितिसँग ठूलो रकमको सम्झौता गर्ने र न्यून कार्य हुँदापनि सजिलै कार्यसम्पन्न तयार गरी योजना फरफारक गरेको उचित देखिएन । पालिकाले निर्माण कार्यको सार्वजनिक खरिद ऐन तथा सम्झौता वमोजिम निर्माण कार्य सम्पन्न गराउनु पर्दछ ।

योजनाको नाम	उपभोक्ता समिति	सम्झौता रकम	मूल्याङ्कन रकम	भुक्तानी रकम	प्रगती %
आरोग्य केन्द्र भवन निर्माण	आरोग्य केन्द्र भवन निर्माण वडा नं ८ उपभोक्ता समिति	१८७६४९४	८०८५७७	६१४५१९	४३
वडा कार्यालय भवन निर्माण	वडा कार्यालय भवन निर्माण वडा नं २ उपभोक्ता समिति	१८७६५१५	७६०७०३	५७८१३५	४०
श्री कल्पेश्वर महादेव मूर्ति निर्माण	श्री कल्पेश्वर महादेव मूर्ति निर्माण तथा पूर्वाधार योजना उपभोक्ता समिति	३७५०९६३	१२०९३४४	९१९१०७	३२
पलापु भन्ज्याङ्ग बजार व्यवस्थापन	पलापु भन्ज्याङ्ग बजार व्यवस्थापन तथा पूर्वाधार विकास उपभोक्ता समिति	५०००५२२	३९४७०३९	२९९९७५०	७८
जम्मा		१२५०४४९४	६७२५६६३	५१११५११	

४७ नागदह एकिकृत बस्ती-

ठेक्का नं:- CDRM/OKH/Works/NCB/०५/२०८०-८१ नागदह एकिकृत बस्ती वडा नं ८ र ९ को विकास योजनाका लागि निर्माण व्यवसायि ढकाल कन्स्ट्रक्सनसँग ८७ दिनमा निर्माण कार्य सम्पन्न गर्नेगरी मिति २०८१।१।४ मा रु.६६,८९,३९६.४५ (मुल्य

अभिवृद्धि कर सहित)मा सम्झौता भएकोमा हालसम्म निर्माण व्यवसायीले रु.३२,२६,०६३/- को बिल पेस गरेकोमा पालिकाले रु.२८,७८,५१४.९९ को मात्र कार्यसम्पन्न तयार गरेको छ । यस सम्वन्धमा देखिएका व्यहोराहरु देहाय वमोजिम रहेका छन्:

४७.१ **कार्यसम्पादन जमानतको म्याद थपः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११०(१) मा वोलपत्र दाताले ऐनको दफा २७(४) बमोजिमको ढाँचामा दफा २७(३) बमोजिमको म्यादभित्र वाणिज्य बैंकबाट जारी भएको कार्यसम्पादन जमानत पेश गर्नुपर्ने उल्लेख छ । उपनियम (४) मा त्यस्तो कार्य सम्पादन जमानतको मान्य अवधि निर्माण कार्यको हकमा त्रुटी सच्याउने दायित्वको अवधि भन्दा कम्तीमा एक महिना बढी अवधिको हुनुपर्ने उल्लेख छ । निर्माण कार्यको त्रुटी सच्याउने अवधि भन्नाले कार्य सम्पन्न गर्ने अवधि भन्दा एक बर्ष पछिको हुने भएकोले कार्यसम्पादन जमानतको म्याद कार्यसम्पादन गर्ने अवधि भन्दा १३ महिना बढी अवधिको हुनुपर्छ । यस ठेक्काको कार्यसम्पादन जमानत रकम रु.२८,५८,२९३.३३ को म्याद २०८१।४।३२ मा सकिएको हुँदा नियममा भएको व्यवस्था अनुसार पालिकाले समयमै कार्य सम्पादन जमानतको म्याद थप गर्नुपर्दछ ।

४७.२ **बिमा-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२ मा खरिद सम्झौतामा अन्यथा व्यवस्था भएकोमा बाहेक बीस लाख रुपैयाँभन्दा बढी मूल्यको निर्माण कार्य गर्ने निर्माण व्यवसायीले यस नियममा उल्लेखित व्यवस्था बमोजिम बिमा गराउनुपर्ने व्यवस्था रहेको छ । ठेक्काको बिमा वापत बिओक्यूमा रु.७५,०००/- राखेकोमा बिमाको म्याद २०८१।४।३२ मा सकिएको हुँदा नियममा भएको व्यवस्था अनुसार बिमाको म्याद थप गर्नुपर्दछ ।

४७.३ **धरौटी कट्टी नगरेको**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **१२८,३६८** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

४७.४ **जोखिममा ठेक्का-** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११७(२क)मा निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्देश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा मात्र कार्य स्वीकार प्रतिवेदन तयार गर्न सकिने व्यवस्था रहेको छ । यस ठेक्काको ४८ प्रतिशत कार्यसम्पन्न हुँदा कार्य स्वीकार गरी कार्यसम्पन्न गरेको उचित देखिएन । साथै कार्यसम्पादन जमानतको म्याद समेत सकिएको र धरौटी समेत कट्टी नगरेकोले ठेक्का जोखिममा रहेको देखिन्छ ।

४८ **कन्टिन्जेन्सी खर्चको अभिलेख** -

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने ब्यवस्था गरेको छ । पालिकाबाट योजना कार्यान्वियन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट ४ प्रतिशत का दरले यस्तो रकम कट्टी गर्ने गरेको छ । पालिकाले कन्टिन्जेन्सी खर्चको छुट्टै अभिलेख राखेको छैन । आ.व २०८०/८१ मा कन्टीन्जेन्सी कट्टीको विवरण पेश गरेको छैन । तर पालिकाको संचितकोष व्यवस्थापन प्रणाली (SuTRA) को म ले प फा नं २०७ को कन्टिन्जेन्सीको विवरण अनुसार कुल कन्टिन्जेन्सी रकम रु.८,५१,९८६/- देखिएको छ । पालिकाले कन्टिन्जेन्सीकट्टा गरी सोही अनुसार खर्च गर्नुपर्नेमा सोझै बजेटबाट समेत खर्च लेखेको तथा छुट्टै कन्टिन्जेन्सी खाता नराखेको कारण वास्तविक कट्टी रकम र कूल खर्च रकम यकिन गर्न सकिएन । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । कन्टिन्जेन्सी रकमबाट गर्नुपर्ने प्राविधिक कर्मचारीलाई प्रोत्साहन भत्ता, पानी विजुली महशुल, कार्यालय सामाग्री खरिद र दैनिक भ्रमण भत्ता जस्ता कार्यका लागि बजेट नै विनियोजन भएको अवस्थामा कन्टिनजेन्सी खर्च गर्नु उचित र नियमसम्मत देखिएन । यसमा पालिकाले सुधार गर्नुपर्दछ ।

४९ **शून्य दरबन्दी-**

कार्यक्रम कार्यान्वयन पुस्तिकामा क्रियाकलाप २.७.१३.४१ आधारभुत तह कक्षा (६-८) मा अङ्ग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण सहयोग अनुदानमा आधारभुत तहका लागि कुनै पनि दरबन्दी वा राहत अनुदान नभएका विद्यालयलाई शिक्षक व्यवस्थापनको लागि न्यूनतम १ शिक्षक बराबरको रकम अनुदान उपलब्ध गराउने उल्लेख छ । पालिकाले पहिले नै नि मा वि राहत दरबन्दी भएको(शून्य दरबन्दी नभएको) श्री जीवन ज्योति माध्यामिक विद्यालयलाई विज्ञान विषयको शिक्षक व्यवस्थापनको लागि रु.३४,७३०/- को दरले १२ महिनाको रकम र पर्व खर्चको रकम निकासा गरेकोले उक्त निकासा रकम अनियमित देखिएको रु.

अनियमित भएको	४,५१,४९०

५० **छात्रवृत्ती-**

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **१,२००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **४,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	०

५१ **स्यानिटरी प्याड-**

स्यानिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि,२०७६ को दफा ४ मा पालिकाले खरिद गरेको स्यानिटरी प्याड गुणस्तरमा कमी नआउने गरी भण्डारण गर्नुपर्ने उल्लेख छ। साथै दफा ५ मा स्यानिटरी प्याड त्रैमासिक,चौमासिक वा अर्धवार्षिक रुपमा वितरण गर्न सकिने उल्लेख छ। पालिकाका भित्रका सामुदायिक विद्यालयहरुमा कक्षा ६ भन्दा माथिका छात्रा विद्यार्थीहरु २१६६ जना रहेका छन। पालिकाले हेल्थ एण्ड हाइजिन प्रोडक्ट्स प्रा. लि. बाट २४१७८ थान स्यानिटरी प्याड रु.५,६८,२७९/- (मु अ कर समेत) मा खरिद गरेको छ। पालिकाले गत विगतको खपतलाई आधार मानी समयमै उचित परिमाणमा खरिद गर्नुपर्नेमा वर्षान्तमा खरिद गरि मौज्दातमा राखेको देखिन्छ। खरिद गरिएका प्याडहरु भण्डारण गर्दा गुणस्तरमा कमी नआउने गरी सुरक्षित रुपमा राखेको पाइएन।तसर्थ पालिकाले आवश्यकताको पहिचान गरी आवश्यक परिमाणमा मात्र प्याड खरिद गर्नुपर्दछ ।

५२ **प्रति विद्यार्थी लागत अनुदान-**

कार्यक्रम कार्यान्वयन पुस्तिकामा प्रतिविद्यालर्थी लागतका सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामाग्रीको लागि विद्यालयलाई अनुदान अन्तर्गत प्रति विद्यार्थी कक्षा १-५ सम्म रु.१५०, कक्षा ६-१० सम्म रु.२००, कक्षा ११-१२ सम्म रु.२५० अनुदान दिने व्यवस्था छ । IEMIS विवरण र विद्यालयलाई निकासा भएको रकम भिडान गर्दा निम्न विद्यालयमा उल्लेखित दरले अनुदान रकम निम्न अनुसार वढि भएकोले उक्त रकम सम्बन्धित विद्यालयबाट फिर्ता हुनुपर्ने रु.

क्र सं	विद्यालयको नाम	IEMIS मा विधार्थी संख्या	भुक्तानी हुनुपर्ने	भुक्तानी भएको	वढि भुक्तानी
२	ज्ञानप्रकाश मावि घोराखोरी	बालविकास १०, कक्षा १ मा भर्ना १३, कक्षा १-५ मा ८७ जना, कक्षा ६-८ मा १४४,कक्षा ९-१० मा ११२, कक्षा ११-२ मा १३० जना	१०५५५०	११२३५०	६८००
७	तेजयन्ती प्रावि	बालविकास ५, कक्षा १ मा भर्ना २, कक्षा १-५ मा ६ जना	३६००	५४५०	१८५०
	जम्मा		१०९१५०	११७८००	८६५०

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२२** को निर्णयले रू **५००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२४** को निर्णयले रू **११,१५०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२,३००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

(✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **२,०००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	८,६५०

५३ **नमुना विद्यालय-**

५३.१ (७२-२०८१-३-२०):

भौतिक निर्माण अनुदान- कार्यक्रम कार्यान्वियन पुस्तिका क्रियाकलाप नं ११.१.२.२५०० मा नमुना विद्यालय सुधार गुरुयोजना अनुरुप भौतिक निर्माण अनुदानको लागि प्रति विद्यालय वार्षिक रु.५० लाख देखि १ करोड सम्म दिन सकिने तथा निर्माण कार्यको लागत अनुमान तयार गरी स्थानीय तहले स्वीकृत गर्नुपर्ने र लागत अनुमानमा स्थानीय तहबाट थप बजेट व्यस्थापन गर्न सकिने व्यवस्था छ । यसका लागि स्थानीय तहले विद्यालयसँग भाद्र मसान्त भित्र सम्झौता गर्ने सम्झौता पश्चात ३० प्रतिशत, स्टक्चरल पार्ट सम्पन्न भए पश्चात ५० प्रतिशत र कार्य सम्पन्न भए पश्चात बाकी २० प्रतिशत अनुदान दिने तथा निर्माण कार्य जेष्ठ मसान्त सम्म सम्पन्न गरी अषाढ १५ सम्म कार्य सम्पन्न प्रतिबेदन तयार गर्नुपर्ने उल्लेख छ । त्यस्तै उपर्युक्त प्रकृया पुरा नगर्ने विद्यालय तथा स्थानीय तहका जिम्मेवार पदाधिकारीलाई प्रचलित कानून बमोजिम कारवाही हुने उल्लेख छ । पालिकाले उपर्युक्त व्यवस्थाको पालना नगरी तथा बजेट फ्रिज नगराउने उद्देश्यले आर्थिक वर्षको अन्तिममा ज्ञान प्रकाश मा वि लाई एकमुष्ठ रु.१ करोड निकासा दिई विद्यालयको खातामा रोकि राखेको छ। उक्त रकमबाट पालिकाले आर्थिक वर्ष २०८१।२०८२ मा ठेक्का लगाएर कार्य सुरु गरेको भन्ने कार्यालयको भनाई रहेको छ । उक्त कार्य समयमै सम्पन्न गरी कार्य सम्पन्न प्रतिबेदन पेश गर्नुपर्ने रु.

प्रमाण पेश नगरेको	१,००,००,०००

५३.२ **गुरुयोजना बमोजिम खर्च-** कार्यक्रम कार्यान्वियन पुस्तिकामा नमुना विद्यालयको शैक्षिक तथा व्यवस्थापकीय योजना कार्यान्वियन अन्तर्गत तत्कालीन रुपमा शैक्षिक सुधार हुने क्रियाकलाप निर्धारण गरी शैक्षिक पूर्वाधारहरु, छात्रावास व्यवस्थापन, शैक्षिक सुशासनका न्यूनतम सर्त पूरा गर्ने लगायतका कार्यक्रम गर्न स्थानीय तह र विद्यालयबीच सम्झौता गरी अनुदान उपलब्ध गराउने र उक्त रकम गुरुयोजना बमोजिम खर्च गर्नुपर्ने उल्लेख छ । पालिकाले ज्ञान प्रकाश मा वि लाई उल्लेखित व्यवस्था सम्झौता संलग्न नगरी अनुसार रु.३० लाख निकासा गरेको छ । उक्त रकमको खर्च प्रमाणित गर्ने बिल भरपाई पेश गर्न लगाई गुरुयोजना बमोजिम खर्च भएको नभएको सम्बन्धमा पालिकाले अनुगमन गर्नुपर्दछ ।.

५४ **पाठ्यपुस्तक-**

शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी बाट प्रकाशित कार्यक्रम कार्यान्वन पुस्तीकामा सार्वजनिक विद्यालयका विद्यार्थीहरुका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान पहलोपटकमा विद्यार्थी संख्याको ७५% संख्यालाई पहिलो चौमासिकमा दिने र शैक्षिक सत्र २०८० को विद्यार्थी भर्नाको विवरण पाठ्यपुस्तक खरिद र वितरण गरेको विवरणका आधारमा यकिन गरी नपुग हुने रकम मात्र थप

२५% बाट अनुदान दिने व्यवस्था छ ।निम्न विद्यालयमा IEMIS मा भएको विद्यार्थी भन्दा वढि संख्यामा पाठ्यपुस्तक रकम निकासा भएकोले वढि निकासा भएको रकम सम्बन्धित विद्यालयबाट असुल गर्नुपर्ने रु.

विद्यालयको नाम	IEMIS मा विद्यार्थी संख्या	निकासा भएको विद्यार्थी	वढि विद्यार्थी संख्या	दर	जम्मा वढि भुक्तानी
ज्ञानप्रकाशमाविकक्षा११	७४	९१	१७	२७१	४६०७
ज्ञानप्रकाशमाविकक्षा१२	५६	६९	१३	३१७	४१२१
नवजिवनमाविकक्षा१२	५	४८	४३	३१७	१३६३१
जम्मा					२२३५९

(..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-११-२५** को निर्णयले रू **९५१** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

असुल गर्नुपर्ने	२२,३५९

५५ **औषधि खरिद-**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११ मा कुनैपनि मालसामन खरिद गर्दा खरिद गर्ने सामग्रीको स्पेशिफिकेसनको अधिनमारहि सम्बन्धित सार्वजनिक निकाय वा जिल्ला अन्य सार्वजनिक निकायले चालु वा अघिल्लो बर्षमा खरिद गरेको सामग्रीको वास्तविक लागत, स्थानीय वजार दर, अन्य बजारको दरभाउ, उद्योग बाणिज्य संघले जारी गरेको दर समेतलाई आधार मानि लागत अनुमान स्वीकृत गरेर मात्र खरिद कार्य गर्न सकिने व्यवस्था छ। पालिकालाई आवश्यक पर्ने औषधिको आवश्यकता वर्षभरिमा प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, उप स्वास्थ्य चौकी एवं पटके शिविरमा तथा विशेष कार्यक्रमको लागि सूचीकृत भएका अत्यावश्यक कार्यालयबाट खरिद भई प्राप्त हुने परिणाम तथा तालुक कार्यालयबाट प्राप्त गरेको औषधीको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधारमा आपूर्ति व्यवस्थापन गर्नु पर्दछ। यस वर्ष विभिन्न औषधि फरक फरक सप्लायर्सवाट टुक्रा पारि खरिद गरी रु.३२,३५,४८४/- भुक्तानी दिएको छ । कार्यालयले औषधि खरिद गर्दा आवश्यकता पहिचान औषधिको वार्षिक आवश्यकताको परिणाम विवरण तयार गरी पुल सिस्टमको आधार गरेको देखिएन। पालिकाले खरिद गरेको औषधि ELMIS मा दाखिला गरेको छैन। खरिद गरेको औषधि दाखिला गर्ने सोहि प्रणालीबाट हस्तान्तरण गरी बाँकी औषधिको विवरण अद्यावधिक गर्नुपर्दछ ।

भौचर नं र मिति	फर्मको नाम	रकम रु.
७।२०८०।०६।२५	निरिजमा मेडिको सप्लायर्स	९९०५४
६१।०८०।१२।०६	कुल राज आयोर्वेद	४८१९९३
३०।०८०।०९।२	इलाईट मेडिहेल्थ प्रा लि	६५६९२९
२४७।०८१।०३।२२	देवदत्त मेडिको फर्मा	७२५१५०
२४८।०८१।०३।२२	सोफि इन्टरनेशनल प्रा लि	७९९४६९
१९६।०८१।०३।१७	अरबिन जनरल सप्लायर्स	५२८००

५६ **शिर्षक फरक पारी खर्च-**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली,२०७७ को नियम ४५ सम्बन्धित आर्थिक वर्ष भित्र खर्च नभई जुनसुकै खातामा बाकी रहेको शसर्त, समपुरक तथा विशेष अनुदानको रकम फिर्ता गर्नुपर्ने व्यवस्था छ । पालिकाले शसर्त अनुदान अन्तर्गत प्राप्त निम्न रकम शर्तभन्दा फरक शर्षकमा खर्च गरेकोले उक्त रकम संघीय संचितकोषमा फिर्ता गर्नुपर्ने रु.

भौचर नं. र मिति	खर्च गर्नुपर्ने शिर्षक	खर्च लेखेको शिर्षक	रकम रु.
१२०।०८१।०२।२८	चम्पादेवी कृषि विकास खाद्य सुरक्षा पोषण सहयोग र पशुपालन सुधार आयोजना अन्तर्गत कार्यक्रम	स्यानिटरी प्याड खरिद सूचना प्रकाशन खर्च भुक्तानी	८८४७९

प्रमाण पेश नगरेको	८८,४७९

५७ **आय आर्जन तथा क्षमता अभिवृद्धि**- (२५०-२०८१-३-२४):

सार्वजनिक खरिद निमयावली २०६४ को निमय १२ मा परामर्श सेवाको लागत अनुमान तयार गर्दा जनशक्तिको पारिश्रमिक, भ्रमण, बसोबास, कार्यालय उपकरण खर्च,तालिम गोष्ठि खर्च समेतको विवरण खुलाउनुपर्ने उल्लेख छ । यस्तो व्यवस्था बमोजिम लागन अनुमान तयार नगरी चम्पादेवीको कृषकहरुलाई आय आर्जन तथा क्षमता अभिवृद्धिको लागि व्यापारिक कृषि तथा पशुपालन सम्बन्धि तालिम शिर्षक राखि पालिकाले ५० जनालाई ५ दिनको कृषि उत्पादन, ५ दिनको व्यापारिक उत्पादन, ५ दिनको मौसमी/बेमौसमी तरकारी खेती, सूचना प्रविधिमा आधारित कृषि विषयमा कार्यशाला आयोजना तथा १५०० जना कृषकको leaflet/folder प्रकाशन गर्ने कार्य शर्त तयार गरी एकमुष्ठ दर विधिबाट परामर्श सेवा खरिद गर्न सूचीकृत सेवाप्रदायकहरुबाट प्रस्तावन माग गरी न्यून कबोल गर्ने हिमाल मल्टिपर्पोज रिसर्च एण्ड डेभलपमेन्ट प्रा लि सँग मिति २०८१।०१।०३ मा रु.१९,९५,४६७/- को सम्झौता गरेको छ । सेवा प्रदायक संस्थाले पेश गरेको प्रतिबेदन अनुसार कार्यशर्त तथा सम्झौतामा उल्लेख भएको Prepare the leaflet/folder publication and distribution को काम भएको देखिदैन ।त्यस्तै नियमावलीको व्यवस्था बमोजिम लागत अनुमान तयार नगरी एकमुष्ठ दरबाट प्रस्ताव माग गरी परामर्श सेवा खरिद गर्नु नियमसम्मत देखिदैन । यसरी सम्झौता बमोजिम सम्पन्न नभएको leflet/folder प्रकाशन तथा वितरण काम वापत भुक्तानी भएको मूल्य अभिवृद्धि कर सहित रु.२,५६,५९४/- असुल गरी उल्लेखित खर्च नियमित गर्नुपर्ने रु.

अनियमित भएको	२,५६,५९४

५८ **अनुदान वितरण**-

पालिकाले अनुदान वितरण गर्दा अनुदानग्राहीको समेत लागत सहभागिता हुने गरी अनुदानग्राहीको छनौट पारदर्शी तवरले गर्नुपर्दछ । त्यस्तै सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको एकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले निम्न बमोजिमको अनुदान दिदाँ अनुदानको उद्वेश्य, लागत अनुमान र लागत अनुमानमा भएको काम अनुसारको लागत सहभागिताको साथै भएको कामको मुल्याङ्कन खुल्ने प्रमाण राखेको छैन । पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी वनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

भौचर नं र मिति	खर्च शिर्षक	अनुदानग्राहीको नाम	रकम रु.
१०१।०८१।०२।११	तरकारी खेती प्रवर्द्धन	९० जना लाई प्लाष्टिक टनेल	७८२१३९
विभिन्न	विशेष अनुदान अन्तर्गत चम्पादेवी कृषि विकास खाद्य सुरक्षा पोषण सहयोग कार्यक्रम	विभिन्न २१ जना कृषकलाई भैसि खरिदको लागि नगद अनुदान	१८९००००
विभिन्न	"	विभिन्न ७ जना कृषकलाई तरकारी खेतीको लागि नगद अनुदान	४०००००
२०३।०८१।०३।१८	"	विभिन्न २० जना कृषकलाई बोयर बोका वितरण	९९८८००
१४८।०८१।०३।०७ संघीय सशर्त २१।०८१।०३।०७ प्रदेश सशर्त	"	३६ वटा मिनि ट्रिलर खरिद तथा वितरण	२२९२०००
२५१।०८१।०३।२३	"	२८ वटा थ्रेसर ५ वटा चाफ कटर खरिद तथा वितरण	१३९६०००
जम्मा			७७५८९३९

५९ **प्रशिक्षक भत्ता-**

अर्थमन्त्रालयबाट जारी कार्य संचालन निर्देशिका, २०७७ मा तालिम केन्द्रबाहेक अन्य निकायबाट सञ्चालित सबै प्रकारको तालिमको प्रशिक्षकको पारिश्रमिक सम्बन्धमा अधिकृत स्तरको तालिम भए कार्यपत्र र कक्षा संचालन वापत गरी गाउँपालिकामा क्रमश: रु.१००० र रु.४०० गरी जम्मा १,४००/- दिन सकिने व्यवस्था छ । पालिकाले शैक्षिक शुसासनको लागि संस्थागत क्षमता विकास सम्बन्धि २ दिने IEMIS कार्यक्रम संचालन गरी खाजा खानामा, स्टेशनरीमा, प्रशिक्षकलाई गाडि भाडा ,विविध र संचालन भत्ता समेत गरी रु.२,५८,२०५/- खर्च लेखेको छ । ५६ जना उपस्थित भएको उक्त कार्यक्रमको कक्षा संचालन तालिका र २ दिनको हाजिरी समेत संलग्न गरेको छैन । १ दिनमा १.५ घण्टा प्रतिकक्षाको दरले समेत अधिकतम दैनिक ५ कक्षा संचालन हुने तथा २ दिनको १० कक्षाको रु.१,४००/- को दरले १४,०००/- खर्च लेख्न सकिनेमा खाना, खाजा तथा आतेजातेको लागि गाडि सुविधा भएको अवस्थामा समेत रु.८५,०००/- प्रशिक्षक भत्ता खर्च लेखेकोले नर्म्स भन्दा वढि खर्च लेखेको भत्ता असुल गर्नुपर्ने रु.

असुल गर्नुपर्ने	७१,०००

६० **प्रदेश समपूरकको ठेक्का व्यवस्थापन -**

प्रदेश समपूरकको ठेक्का व्यवस्थापन - पालिकाले उपलब्ध गराएको विवरण अनुसार प्रदेश समपूरक कोषबाट निम्मबमोजिम निर्माण कार्य भएको छ ।

१	निर्माण कार्य	निर्माण व्यवसायीको नाम	कार्य सम्पन्न मिति	लागत अनुमान मु.अ.कर सहित	सम्झौता रकम मु.अ.कर सहित	कार्यसम्पन्न रकम रु. मु.अ.कर सहित	भुक्तानी रकम मु.अ.कर सहित (प्रदेश सरकार)
१/०८०/८१	ताल खर्क हुँदै श्रीचौर सडक निर्माण	गड्डुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	२०८१/२/३०	६२१६६४७	३९३३६७३	३१९६६३०	२४५८९४७
२/०८०/८१	विलन्दु सडक निर्माण तथा स्तरोन्नती	गड्डुर कन्स्ट्रक्सन एण्ड सप्लायर्स प्रा.लि	२०८१/२/३०	६२८१९८३	४०७५०९५	३६७५३७९	२६४८८१२

६०.१ **समपुरक अनुदान फिर्ता**

(✂ ..... कार्यालयले बेरुजु फस्यौंट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८१-१२-४** को निर्णयले रू **८१९,३५६** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

प्रमाण पेश नगरेको	०

६०.२ **कार्यस्वीकार** – सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ११७ उपनियम २ (क) मा निर्माण कार्यको हकमा कम्तीमा नब्बे प्रतिशत भौतिक प्रगति भएको र आयोजनाको उद्वेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आएको अवस्था भएमा र सम्बन्धित निर्माण व्यवसायीले अनुरोध गरेमा सार्वजनिक निकायले कार्य स्वीकार प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले ठेक्का नं १ को रु. ३९३३६७३ मा कार्यसम्पन्न गर्ने गरी सम्झौता गरेकोमा रु. ३१९६६३० अथवा वित्तीय प्रगति ८१ प्रतिशत मात्र भएकोमा भौतिक प्रगति मापन नगरी कार्य स्वीकार गरेको पाईयो । आयोजनाको उद्वेश्य अनुरुप सो निर्माण कार्य सामान्य प्रयोग वा सञ्चालनमा आए/नआएको र भौतिक प्रगति मापन नगरी ८१ प्रतिशत वित्तीय प्रगतिमा कार्यस्वीकार गर्नुपर्ने कारण समेत नखुलाई नियम विपरित कार्यस्वीकार गर्नु मनासिव देखिएन ।पालिकाले यस्तो कार्यमा सुधार आयोजनाको उद्वेश्य अनुरुप सो निर्माण कार्य सञ्चालनमा आएको सुनिश्चित गरी नियमानुसार कार्य स्वीकार गर्नुपर्दछ ।

६१ **प्रधानमन्त्री रोजगार कार्यक्रम** –

स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्वेश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७८ को दफा २(१) बमोजिम पालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सूचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले ७१ जना बेरोजगार सूचीकृत रहेको जनाएतापनि बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेको छैन । बेरोजगारको सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छैन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक, पोखरी, कुवा नाला, गोरेटो तथा मोटर बाटो, पर्खाल, भवन निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ६० जनालाई रोजगारी उपलव्ध गराई ज्यालामा रु.४९,०६,५९८.०० खर्च गरेको छ । लक्षित वर्गलाई औषत १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेको छ । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी श्रृजना र सूचीकृतको बैकल्पिक उपयोग मार्फत रोजगार श्रृजना भएको देखिंदैन । यसमा सुधार गर्नुपर्दछ ।

६२ **सामाजिक सुरक्षा वितरण** -

पालिकाले यस आर्थिक वर्षमा सामाजिक सुरक्षा भत्ता बापत जम्मा रू.९,७५,६५,०५६ वितरण गरेको विवरण उपलब्ध गराएको छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्न छन ।

६२.१ **निष्क्रिय खाताको विवरण नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २६ अनुसार सामाजिक सुरक्षा कार्यक्रमको लागि निकासा भएको रकम सोही आर्थिक वर्षमा खर्च नभएमा संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ । पालिकाले पहिलो र दोस्रो त्रैमासिक रकम लाभग्राहीको संख्या अनुसार सामाजिक सुरक्षा भत्ता बैंक मार्फत भुक्तानी गरेको तर बैकबाट हालसम्मका निष्क्रिय (डोरम्याट) खाताको विवरण पालिकालाई उपलब्ध नगराएबाट के कति रकम लाभग्राहीको खातामा जम्मा भएको तर निष्क्रिय रुपमा रहेको छ त्यस सम्बन्धमा एकिन हुन सकिएन । बैंकबाट हालसम्मका सम्पुर्ण डोरम्याट खाताको विवरण प्राप्त गरी निष्क्रिय खातामा रहेको रकम संघीय संचित कोषमा फिर्ता गर्नुपर्दछ ।

६२.२ **सामाजिक सुरक्षा भत्ता** - सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ ले लाभग्राहीको नाम दर्ता र नवीकरण, लगत कट्टा तोकिएको मिति भित्रै परिचयपत्र अनिवार्य रूपमा नवीकरण गरी सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, प्रत्येक बर्ष लगत अद्यावधिक गरी

लाभग्राहीको संख्या यकिन गर्नुपर्ने, सामाजिक सुरक्षा कार्यक्रमलाई प्रभावकारी रूपमा सञ्चालन गर्न नियमित रूपमा अनुगमन गर्नुपर्ने, केन्द्रिकृत सुचना प्रणालीमा प्रविष्टी गरि अद्यावधिक गर्ने जिम्मेवारी सामाजिक सुरक्षाको अख्तियारी पाउने सम्बन्धित स्थानिय निकायको हुने व्यवस्था गरेको छ। पालिकाले यस वर्ष बैकं मार्फत रू. सामाजिक सुरक्षा वितरण गरेको छ। बैकंवाट वितरण गरेका लाभग्राहीको लगत अद्यावधिक नगरेका कारण बैकंमा पठाएको र बैकंले फिर्ता गरेको रकमसँग भिडान गर्ने अवस्था छैन। पालिकाले समयमै लगत अद्यावधिक नगरेका कारण बैकंलाई रकम निकासा गर्दा धेरै गर्ने र वितरण भई सकेपछि बैकंले ठुलो रकम फिर्ता गर्ने गरेको देखियो। यस सम्वन्धमा पालिकाले विवरणहरू एकिन गरि लगत अद्यावधिक गर्ने तर्फ ध्यान दिनुपर्ने देखिन्छ।

६२.३ **के वाइ सी अद्यावधिक नभएको** - सामजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को बुँदा नं. २४ अनुसार बैँकले सामाजिक सुरक्षा भत्ता सम्बन्धित लाभग्राहीको नाममा शुन्य मौज्दातमा खाता खोलि जम्मा गरिदिने र सम्बन्धित लाभग्राहीले कागजात पेश गरे पश्चात खाता सक्रिय हुने उल्लेख छ । बैँकले पालिकाबाट प्राप्त सबै रकम सम्बन्धित लाभग्राहीको खातामा जम्मा गरेको फर्वाड फिड उपलब्ध गराए तापनि के कति लाभग्राहीको खाता अध्यावधिक भइ सक्रिय भए र के कति निश्क्रिय अवस्था छन् सो को विवरण उपलब्ध गराएको देखिएन । जसबाट खर्च रकम सबै लाभग्राहीले बुझे नबुझेकोमा एकिन हुन सकिदैन । अत बैँकबाट खाता सक्रिय भएको विवरण प्राप्त गरी लाभग्राहीको खाता अध्यावधिक गर्नुपर्दछ ।

६२.४ **मृत्यु पश्चात भत्ता वितरण**- सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि, २०७७ को नियम १५(४) मा मृत्यु भइसकेका व्यक्तिले मृत्यु भएको दिनसम्मको भत्ता निजको हकवालाले पाउने उल्लेख छ। यस पालिकाले पालिकाभरीका लाभग्राहीहरूका लागि सामाजिक सुरक्षा भत्ता वितरणका लागि बैकं मार्फत रकम निकासा गरेको छ । पालिकाले प्रत्येक बर्ष लाभग्राहीहरूको विवरण अपडेट गरि मृत व्यक्ति लगायत अन्य लाभग्राही व्यक्तिहरूको लगतकट्टा गरि बैकंलाई रकम जम्मा गर्न आवश्यक रकम निकासा गर्नुपर्नेमा सो कार्य नगरेकोले मृत्यु भएका व्यक्तीको खातामा समेत रकम जम्मा भए / नभएको एकिन हुन सकिएन ।आ.व २०८०/८१ मा रु.४,२५,३७१ एकमुष्ट वैङ्कले मुत्यु भईसकेको व्यक्ती लगायत अन्य लगत कट्टा गरिएका व्यक्तीको खाताबाट खिचीएको देखाए पनी क - कसको खाताबाट खिचिएको सोको अभिलेख व्यवस्थित नराखेको हुँदा पालिकाले बढी र नपाउने भत्ता बितरण भएको छैन भनि सुनिश्चित गर्नुपर्दछ ।

अनुसूचीहरू

अनुसूची - १

आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : चम्पादेवी गाउँपालिका, ओखलढुंगा , चम्पादेवी गाउँपालिका , ओखलढुङ्गा

पद	नाम	कार्यकाल सुरु मिति	कार्यकाल समाप्त मिति
कार्यालय प्रमुख	विश्वनाथ भण्डारी	२०८१-११-२८	हाल सम्म कार्यरत
लेखा प्रमुख	बैकुण्ठ कार्की	२०७८-२-१५	हाल सम्म कार्यरत

बेरुजु वर्गीकरण:

असूल गर्नुपर्ने	अनियमित भएको	प्रमाणका कागजात पेश नभएको	जिम्मेवारी नसारेको	सोधभर्ना नलिएको	जम्मा पेश्की
२२,६९१,९३६.२	८,११२,३९२	१८,७४४,९८६.८१	०	०	०
				प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.	४९,५४९,३१५.०१
				प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.	१,२१०,९७३
				संपरीक्षणबाट थप भएको बेरुजू रु.	०
				लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.	४८,३३८,३४२.०१

स्थानीय तह :

गत बर्षको जिम्मेवारी		३९०३६०७३.८६	
आम्दानी		खर्च	
संघीय सरकारबाट अनुदान	३०५६०४२८०.०६	चालु खर्च	२९२३०३४५५.१२
प्रदेश सरकारबाट अनुदान	१९२७१५७९	पूँजीगत खर्च	१३२७४२३८९
राजश्व बाँडफाँट	६८२८०८५९.६५	वित्तीय/अन्य व्यवस्था	८०७४३७५.०
आन्तरिक आय	४१९७४१६.८८		
अन्य आय	७९५४३२६.०		
कुल आय	४०५३०८४६१.५९	कुल खर्च	४३३१२०२१९.१२
बाँकी मौज्दात		११२२४३१६.३३	

अनुसूची - २

सुझाव

स्थानीय तहद्वारा प्रदान गरिने सेवालाई छिटो, सरल, सुलभ र गुणस्तरीय बनाई स्थानीय जनताको जीवनस्तरमा सुधार ल्याउन यस स्थानीय तहले कानुन तथा नीति निर्माण, साधन स्रोतको प्रभावकारी परिचालन, विकास प्रशासन, राजस्व परिचालन, नियमित सेवा प्रवाह, आर्थिक प्रशासन लगायतका विषयमा तपसिल अनुसारका सुधार गर्नुपर्दछः

- वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम सम्बन्धित मार्गदर्शनमा तोकिएबमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी बजेट विनियोजन गरी समयमै पारित गर्नुपर्दछ।
- आन्तरिक आयका क्षेत्रहरू पहिचान गरी आन्तरिक आय वृद्धि गर्नुपर्दछ। कार्ययोजना तयार गरी विगतका आय बक्यौता असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- नेपालको संविधानको धारा ५९ को उपधारा ७ मा सङ्घ, प्रदेश र स्थानीय तहको बजेट घाटा व्यवस्थापन तथा अन्य वित्तीय अनुशासन सम्बन्धी व्यवस्था संघीय कानुन बमोजिम हुने उल्लेख भएकोमा प्रदेश र स्थानीय तहले यस सम्बन्धी कानुन निर्माण गर्दा संघीय कानुनसँग सामाञ्जस्यता कायम नगरेकोले यसमा सुधार हुनुपर्दछ ।
- स्थानीय तहका पदाधिकारी तथा सदस्यहरूको सुविधा सम्बन्धी ऐन अनुसार मात्र पदाधिकारीलाई तोकिएको सुविधा व्यवस्था गर्नुपर्दछ। निर्वाचित हुने पद बाहेक राज्यकोषबाट तलव सुविधा बेहोर्ने गरी नियुक्त हुने सबै पदमा योग्यता र मापदण्ड तोकिनुपर्दछ ।
- स्थानिय सेवा ऐन र नियम अनुसार सङ्गठन तथा व्यवस्थापन सर्वेक्षणको आधारमा सङ्गठन संरचना निर्माण गरी स्थायी पद सिर्जना, पद दर्ता र पदपूर्ति गरी कर्मचारी व्यवस्थापन गर्नुपर्दछ।
- भौगोलिक अवस्था, स्रोतको उपलब्धता, सेवा प्रवाहको अवस्थासमेतका आधारमा कानुन बमोजिम जनशक्ति व्यवस्थापन गर्नुपर्दछ । पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरी कार्यसम्पादनमा प्रभावकारिता ल्याउन प्रशिक्षण तथा तालिमको व्यवस्था गर्नुपर्दछ।
- अनुदान दिने विषय, क्षेत्र, वर्ग, समूहबारे कानुनबाट नै स्पष्ट गरी अन्तिम प्रयोगकर्तालाई प्रत्यक्ष फाइदा पुग्ने तथा उत्पादन र उत्पादकत्वमा वृद्धि हुने गरी अनुदान प्रदान गर्नुपर्दछ । अति विपन्न र न्यून आय वर्गलाई सेवामा पहुँच दिन प्रदान गरिने सुविधा सोही वर्गमा पुगेको सुनिश्चित गर्न सो प्राप्त गर्नेको विवरण सार्वजनिकीकरण गर्नुपर्दछ ।
- व्यावसायिक प्रकृतिको संस्थाहरूलाई पुँजीगत अनुदान प्रदान गर्दा लाभग्राहीले प्राप्त गर्ने लाभको सुनिश्चितता हुनुपर्दछ । यस्ता संस्थाहरु विघटन भएमा बाँकी सम्पत्ति लगानीको अनुपातमा फिर्ता हुने सुनिश्चितता हुन पर्दछ। यस्तो निर्माण व्यक्तिगत स्वामित्व रहेको जग्गा वा सम्पत्तिमा गरिनु हुँदैन ।
- एउटै प्रकृतिको काममा समेत लागत अनुमान टुक्र्याई सोझै खरिद गर्ने, पूर्वानुमान गर्न सकिने अवस्थामा पनि लागत अनुमान यथार्थपरक तवरले तयार नगरी भेरिएसनबाट थप कार्य गराउने प्रवृत्तिमा नियन्त्रण गर्नुपर्दछ।
- खरिद सम्झौताको निर्धारित समयमा ठेक्काको काम सम्पन्न गर्नुपर्दछ। म्याद थप कार्यलाई वस्तुनिष्ठ र तथ्यमा आधारित बनाउनुपर्दछ। निर्माण व्यवसायी वा उपभोक्ताबाट भएको निर्माण कार्यको विस्तृत विवरण देखिने गरी तोकिएको ढाँचामा अभिलेख राख्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक तथा सामाजिक परीक्षण र सार्वजनिक सुनुवाइ गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही मापदण्डका आधारमा आर्थिक सहायता वितरण गरी प्राप्त गर्नेको नाम सार्वजनिक गर्नुपर्दछ। त्यसैगरी अनुत्पादक र वितरणमुखी कार्यक्रममा गरिने खर्च घटाउनुपर्दछ।
- आधारभूत तथा माध्यमिक तहका विद्यालयहरूमा प्रचलित नियमले तोकेअनुसार शिक्षक विद्यार्थी अनुपातको आधारमा शिक्षक संख्या कायम गरी बढी भएका शिक्षकहरू समायोजन गर्नुपर्दछ।
- एकीकृत शैक्षिक व्यवस्थापन सूचना प्रणालीमा रहेका विद्यार्थी संख्याको आधारमा दिवा खाजा, छात्रवृत्ति, पाठ्यपुस्तक र अन्य अनुदान रकम विद्यालयलाई निकासा दिनुपर्दछ ।
- बजेट तर्जुमा पूर्व नै अनुमान गर्न सकिने शीर्षकमा समेत अर्थ विविध वा अबण्डामा बजेट राख्ने र वर्षान्तमा रकमान्तर गरी खर्च गर्ने परिपाटी नियन्त्रण गर्नुपर्दछ।

- पूर्व तयारीका कार्य सम्पन्न भएका आयोजनामा मात्र बजेट विनियोजन गर्नुपर्दछ। स्रोतको सुनिश्चितताबेगरका कार्यक्रम/आयोजनामा आगामी वर्षको लागि दायित्व सिर्जना गरी भुक्तानी बाँकी राख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यालय तथा अस्पताल भवन, सडक, सिँचाइ, खानेपानी जस्ता आयोजनाहरू कार्यान्वयन गर्दा स्पेसिफिकेशनले तोकेको संख्यामा निर्माण सामग्रीहरूको गुणस्तर परीक्षण गराउनुपर्दछ। साथै रनिङ्ग बिलसाथ गुणस्तर परीक्षण प्रतिवेदन संलग्न गरेर भुक्तानी दिनुपर्दछ।
- उपभोक्ता समितिबाट काम गराउँदा खरिद सम्झौतामा तोकिए बमोजिमको जनसहभागिताको अंश समितिबाट व्यहोर्ने गरी सम्झौता गरेकोमा कतिपय काममा सो अंश व्यहोरेको यकिन नगरी भुक्तानी दिएकोले सम्बन्धित कर्मचारीलाई जवाफदेही बनाउनुपर्दछ ।
- जटिल प्रविधि तथा उपकरणको प्रयोग हुने निर्माण कार्य र सामग्री खरिद गर्ने कार्य समेत उपभोक्ता समितिबाट गराएकोले सोमा नियन्त्रण हुनुपर्दछ ।
- कृषि, पशु, सहकारी संस्था लगायतलाई विभिन्न प्रयोजनमा अनुदान उपलब्ध गराउँदा किसानको सूचीकरण, वर्गीकरण, परिचयपत्रको व्यवस्था गरी तीनै तहको समन्वयमा दोहोरो नपर्ने व्यवस्था गर्दै एकीकृत विद्युतीय अभिलेख राखी वितरण गर्नुपर्दछ। नाफामूलक संस्थालाई अनुदान वितरण गर्नु हुँदैन।
- सहकारी तथा गरिबी सम्बन्धी व्यवस्थापन सूचना प्रणाली (कोपोमिस) तथा विद्यमान सहकारी ऐन तथा नियमको आधारमा सहकारी संस्थाहरूको सुपरिवेक्षण गरी उक्त ऐन नियम अनुसार सञ्चालन भए नभएको सुनिश्चित गर्नुपर्दछ।
- आन्तरिक नियन्त्रण प्रणाली कार्यविधि तयार गरी कार्यसम्पादनलाई मितव्ययी, पारदर्शी र व्यवस्थित गर्नुपर्दछ। अन्तिम लेखापरीक्षण अगावै आन्तरिक लेखापरीक्षण सम्पन्न गरी सोबाट देखिएका बेहोरा जिम्मेवार व्यक्तिले फर्स्यौट गर्नुपर्दछ।
- वित्तीय अनुशासन कायम गर्न लेखापरीक्षण प्रतिवेदनको सार्वजनिकीकरण तथा बेरुजु फर्स्यौटको कानुनी व्यवस्था एवं संयन्त्र तय गरिनुपर्दछ । लेखा समितिको कार्यसञ्चालन सम्बन्धी कानुन तर्जुमा गरी सो समितिलाई प्रभावकारी बनाई बेरुजु फर्स्यौट कार्यलाई व्यवस्थित बनाउनुपर्दछ।
- सरकारी पेश्की बाँकी रहेकालाई सार्वजनिक पदमा नियुक्ति नगर्ने तथा निर्वाचित हुने पदको हकमा उम्मेदवार हुन वञ्चित गर्ने एवं म्याद नाघेको पेश्कीको विवरण सार्वजनिक निकायले आर्थिक वर्ष समाप्त भएको ७ दिनभित्र सार्वजनिकीकरण गर्ने कानुनी व्यवस्था हुनुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा असुल गर्नुपर्ने बेरुजु कायम रहेकोमा सो फर्स्यौट नगरुञ्जेल वृत्ति विकासमा रोक्का गर्ने तथा नयाँ नियुक्ति नहुने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- सार्वजनिक पदमा रहेका व्यक्तिको नाममा बेरुजु कायम भएमा सो व्यक्तिलाई उक्त बेरुजुबारे समयमै जानकारी गराउनुपर्ने र जानकारी नगराउने कर्मचारी उपर विभागीय कारबाही गर्ने कानुनी व्यवस्था गर्नुपर्दछ ।
- जिन्सी सामग्री, यन्त्र उपकरण तथा औजारहरु आवश्यकता र औचित्यका आधारमा खरिद गरी उपयोगको सुनिश्चितता हुनुपर्दछ । मौज्दातमा रहेका यन्त्र, उपकरण र औजार मर्मत सम्भार गरी उपयोग हुन नसक्ने अवस्था एकीन गरेर मात्र खरिद गर्नुपर्दछ ।
- जुनसुकै तरिकाले प्राप्त गरेको जिन्सी एवं सार्वजनिक सम्पत्तिको अभिलेख अनिवार्य रूपमा सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (पाम्स) मा अभिलेख राख्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ अनुसार कार्यालयको जनशक्तिले गर्न नसक्ने कामको लागि मात्र परामर्श सेवा खरिद गरी परामर्शदाता माथिको निर्भरता कम गर्नु पर्दछ । तयार गरिएका विस्तृत आयोजना प्रतिवेदन लगायतका प्रतिवेदनहरू क्रमिक रुपले कार्यान्वयन गर्नुपर्दछ।
- सरकारी डिजिटल सेवाहरूको गुणस्तर, पहुँच र विश्वसनीयता बढाउन सेवा स्तर सम्झौता तथा गोपनीयता सम्झौता अनिवार्य गर्नुपर्दछ। एकै प्रकारको कामको लागि निकायगतरूपमा अलग - अलग सूचना प्रविधि प्रणाली खरिद गर्ने कार्यमा नियन्त्रण हुनुपर्दछ।
- सेवा प्रवाहको प्रभावकारिता लागि नागरिक सचेतना वृद्धि कार्यक्रम गर्नुका साथै नागरिकबाट पृष्ठपोषण प्राप्त गर्ने विधि अवलम्बन गर्नुपर्दछ। समयको उपलव्धता एवं सेवा खरिद गर्ने सामर्थ्य सहितको सेवा प्रवाह तय गरिनुपर्दछ ।
- सेवाग्राही समेतको योगदानमा आधारित रही विभिन्न कोषको स्थापना भएकोमा यस्ता कोषको रकम खर्च गर्दा सेवाग्राहीको हित संरक्षण भएको सुनिश्चितता हुनुपर्दछ ।
- संघ र प्रदेशबाट प्राप्त अनुदानमध्ये खर्च नभई वर्षान्तमा बाँकी रहेको मौज्दात आर्थिक वर्ष समाप्तिपश्चात् समेत फिर्ता हुँदा खर्चमा यथार्थता नदेखिएकोले सोमा सुधार गर्नुपर्दछ ।
- आन्तरिक लेखापरीक्षण नुहने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।

- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल समयमै निर्माण सम्पन्न गर्नुपर्दछ ।